जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**सूचना ! सूचना !! सूचना !!!**

जनकपुर टुडेको मितिः २०८२ साउन २५ को अंक ८ पृष्ठ हुनु पर्नेमा प्राविधिक कारणले ४ पृष्ठ मात्र (१,२,७,८) वितरण भएको र पृष्ठ (३,४,५,६) सोमबारको पत्रिका अंकसँगै बजारमा पठाइएको छ। यसबाट पर्न गएको असुविधाको लागि क्षमाप्रार्थी छौं।

प्रकाशक

वर्ष २७ •अंक ८३ • २०८२ साल साउन २६ गते सोमबार (11 August, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मस्ट वान्टेड 'सलिम पिस्टल' पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतका मस्ट वान्टेड हतियार तस्कार शेख सलिम भन्ने सलिम पिस्टल नेपालमा पक्राउ परेको जनाइएको छ।

नेपाल प्रहरीको सहयोगमा भारतको दिल्ली प्रहरी स्पेशल सेलले अपरेशन सञ्चालन गरी उनलाई नेपालबाट पक्राउ गरेको भारतीय सञ्चारमाध्यमले जनाएको छ।

पक्राउ परेका सलिम वर्षौंदेखि अवैध हतियारको बिक्री गर्ने गरेको आरोप छ। उनले पाकिस्तानबाट भारतमा हतियार भित्र्याउँदै आएका थिए।

अनुसन्धानकर्ताहरूले उनको सम्बन्ध पाकिस्तानी इन्टिलिजेन्स एजेन्सी आइएसआई र दाउद इब्राइमको डि-कम्पनीमा समेत रहेको बताए।

सलिम पिस्टलले अहिले चर्चामि रहेका लरेन्स विश्नोइ र हशिम बाबाको समूहलाई समेत बिक्री गर्ने गरेको आरोप छ। पछिल्लो समय उनको नाम पञ्जाबी गायक सिद्धू मुशेवालाको हत्यामा जोडिएको थियो।

नेपालमा लुकेर बसेको सूचना पाएपछि सुरक्षा निकायले नेपाल प्रहरीसँग समन्वय गरी उनलाई पक्राउ गरिएको भारतीय सञ्चारमाध्यमहरुको दाबी छ।

## प्रधानमन्त्रीद्वारा किसानको पीडामाथि मलम

# 'केही दिनमै सम्पूर्ण खेतबारीमा हरियो सपना लहराउने'

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री केपी शर्मा ओलीले आकाशे वर्षाको निर्भरता अन्त्य गरी तराईमा सिचाइँको स्थायी समाधान ल्याउने दिन अब टाढा नभएको बताएका छन्।

उनले सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकमार्फत् खडेरीले तराईमा रोपाइँमा देखिएको कठिनाइ, किसानको पीडा र सरकारको तत्काल तथा दीर्घकालीन समाधानका लागि गरिएका कदमबारे जानकारी दिए।

केही साता अघि मात्रै प्रधानमन्त्री ओलीले आकाशे मार्गको माध्यमबाट मधेशको अवलोकन गर्दै महोत्तरी र बारास्थित कार्यक्रममा सहभागी भएका थिए। सो क्रममा प्रधानमन्त्री ओलीलाई किसानसंग भेटेर कुराकानी गर्ने इच्छा पूरा नभए पनि आकाशबाट खेतको अवस्था देखेर उनी भाव विभोर भएका थिए।

त्यतिबेला उनले तत्कालै मधेशमा पाँच समय डिपबोरिङ जडान गर्न निर्देशन दिएका थिए। सो निर्देशन अनुसार डिपबोरिङ जडानको काम अघि बढ्ने क्रममा सिचाइँका लागि खेतमा विद्युतीय पोल जडान र डिपबोरिङ जडानको लागि समेत अध्ययन र अवलोकन गर्न नेपाल विद्युत प्राधिकरणका निर्देशक हितेन्द्र शाक्य पनि जनकपुरधाम आएर प्राधिकरणका कर्मचारीसंग समेत छलफल गरेका थिए। अर्कोतर्फ डिपबोरिङ जडानको कामका लागि पनि मधेश प्रदेश सरकारले पनि आन्तरिक कार्य थालिसकेको छ। सरोकारवाल निकाय सक्रिय हुँदै डिपबोरिङ जडान गर्ने स्थानका लागि वडा वडामा गएर छलफल तथा अनुगमनसमेत मधेश प्रदेश सरकारले थालेको थियो।

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सुनकोशी-मरिन डाइभर्सनको कामको समेत अवलोकन गर्न पुगेका थिए।

तर सो कामकारवाहीहरु अघि बढिरहँदा केही समयदेखि मधेश प्रदेशमा पनि पानी पर्न थालेपछि किसानहरुले सरकार र सरोकारवाल नियकाको मुख ताक्न छाडेर आकाशे पानीकै भरमा खेतीपातीमा व्यस्त छन्।

प्रधानमन्त्री ओलीले समेत मधेश प्रदेशको समस्याप्रति गम्भीर्यता देखाउँदै तत्कालका लागि ५०० वटा डिपबोरिङ जडानको काम शुरू गरिएको जनाएका छन् भने दीर्घकालीन समाधानका लागि सुनकोशी-मरिन डाइभर्सनको काम अघि बढाइएको सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका छन्।

यसवर्षको खडेरीले अन्नको भण्डार मानिने तराईको खेतमा धाँजा पेरर रोपाइँ गर्नै नसक्ने अवस्था आउनु दुःखद् भएको पनि प्रधानमन्त्रीले उल्लेख गरेका छन्।

सामाजिक सञ्जालमा उल्लेख गर्दै लेखेका छन्, 'यसवर्षको खडेरीले अन्नको भण्डार मानिने हाम्रो तराईको खेतमा धाँजा परेर रोपाइँ गर्नै नसक्ने अवस्था आयो, जहाँ रोपाइँ भयो, त्यहाँ पनि पानीको अभावले रोपो मर्न थालेको थियो', प्रधानमन्त्री ओलीले लेखेका छन्, 'किसानका पीर, पसिना र सपना माटोमै सुक्न लागेका बेला म



केही समयअघि तराई गएको थिएँ र सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गर्दै राहत र सहयोगको विशेष निर्णय गरेको थियो। तत्कालका लागि ५०० वटा डिपबोरिङ जडानको काम शुरू गरिएको थियो र दीर्घकालीन समाधानका लागि सुनकोशी-मरिन डाइभर्सनको काम अघि बढाइरहेको छ।'

उनले पछिल्ला दिनमा परेको वर्षाले तराईमा फेरि हरियाली फर्काउन थालेको उल्लेख गर्दै साउन २३ गतेसम्म मधेश प्रदेशका आठ जिल्लामा ७६.५४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको र केही दिनमै सम्पूर्ण खेतबारीमा हरियो सपना लहराउने आशा व्यक्त गरेका छन्।

प्रधानमन्त्री ओलीले भनेका छन्, 'पछिल्लो साता हामीलाई प्रकृतिले साथ दिएको छ, वर्षाले फेरि हरियाली फर्काउन थालेको छ, यही साउन २३ गतेसम्म मधेश प्रदेशका आठ जिल्लामा ७६.५४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको छ र केही दिनमै सम्पूर्ण खेतबारीमा हरियो सपना लहराउनेछ भन्ने आशा छ', आगामी वर्षदेखि आकासे वर्षाको निर्भरता हटाएर सिचाइँको स्थायी समाधान ल्याउने सरकारको संकल्प रहेको उनले उल्लेख गरेका छन्।

प्रधानमन्त्री ओलीले लेखेका छन्, 'अब त्यो दिन धेरै टाढा छैन, किसानको मुस्कान, जमिनमा हरियालीको सुगन्ध र समाजको खाद्यान्न भविष्य-हाम्रो लक्ष्य हो, जय किसान।'तर ढिला गरी मधेशमा पानी पर्ने क्रम शुरु भएपछि किसानहरु धान रोपाइँमा अहिले केही दिनदेखि व्यस्त हुँदै रमाइरहेका छन्।

एक किसानले मधेश प्रदेश सरकारदेखि संघीय सरकारसम्मले मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरे पनि राहतस्वरुप कुनै पनि किसिमको कदम चाल्न नसक्नु दुःखद रहेको बताए।

जनता समाजवादी पार्टी नेपालका प्रवक्तासमेत रहेका प्रदेश सांसद मनिष सुमनले कुनै पनि सरकारले समयमा किसानको समस्या सम्बोधन गर्न नसकेको प्रति खेद प्रकट गरेका छन्।

किसानको लागि उग्र कुरा गर्ने जनमत सरकारले समेत मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरे पनि किसानलाई कुनै पनि किसिमको राहत उपलब्ध गराउन नसक्नु उसको असलियत चेहरा किसानका सामु स्पष्ट भएको टिप्पणी गरे।

धनुषाको हँसपुर नगरपालिकाका किसान जंगलबहादुर साहले सरकारले कुनै बेला विभिन्न ठाउँमा गाडेको डिपबोरिङ अहिले सञ्चालनमा नरहेको भन्दै सो डिपबोरिङ नै सञ्चालनमा ल्याउन माग गरे। उनले कतिपय ठाउँमा गाडिएको डिपबोरिङबाट हामीलाई खेतमा सिचाइँको लागि जग्गाधनीले नदिँदा निकै समस्या भइरहेको गुनासो गरे। उनले सरकारले आफ्नो मान्छेलाई खोजी खोजी दिने गरेको डिपबोरिङले किसानलाई स्थायी समाधान नहुने गरेको बताए।

उनले कोशी नदीको पानीलाई कमला नदी हुँदै विभिन्न नहर निर्माण गरी पानी ल्याउँदा डिपबोरिङको समेत आवश्यकता नरहेको भन्दै यसतर्फ सोच्न आग्रह गरे।









# रासायनिक मल सहज रूपमा उपलब्ध गराउन कृषि मन्त्रालय क्रियाशील




काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रासायनिक मलको सहज व्यवस्थापन भइरहेको र कुनै गुनासो नआओस् भन्नेमा यथेष्ट ध्यान दिइएको जनाएको छ।

तत्कालका लागि २८ हजार ८२४ मेट्रिक टन रासायनिक मल मौज्दात छ भने एक लाख ४० हजार ५०४ मेट्रिक टन मार्गस्थ छ। साल्ट ट्रेडिङ कम्पनी र कृषि सामग्री कम्पनी लिमिटेडमा उक्त परिमाणको मल उपलब्ध रहेको तथा आवश्यक बिक्री वितरणको व्यवस्था मिलाइएको मन्त्रालयले उल्लेख गरेको छ।

खेतीपातीको समयमा रासायनिक मल सहज रूपमा व्यवस्थापन गर्न मन्त्रालयले आवश्यक पहल र प्रयत्न गरिरहेको मन्त्रालयले जनाएको छ । सोहीअनुसार कृषि सामग्री कम्पनीमा कुल २९ हजार १११ मेट्रिक टन मल मौज्दात छ। त्यसमा युरिया १६ हजार ५३९ मेट्रिक टन, डिएपी सात हजार ६५३ मेट्रिक टन तथा पोटास चार हजार ९१५ मेट्रिक टन मौज्दातमा छ।

त्यसैगरी, साल्ट ट्रेडिङ कम्पनीमा १३ हजार ७१२ मेट्रिक टन मल मौज्दात छ । त्यसमध्ये युरिया १० हजार ९८४ मेट्रिक टन, डिएपी नौ सय ४२ मेट्रिक टन, पोटास एक हजार ७८५ मेट्रिक टन मौज्दात रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले चालु आवका लागि ६ लाख मेट्रिक टन मलको व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । त्यसका लागि रु २८ अर्ब ८२ करोड बराबरको बजेट व्यवस्थापन गरिएको छ । हालसम्म तीन लाख मेट्रिक टन मल खरिदका लागि बोलपत्र आह्वान भइसकेको छ।

त्यसैगरी, मार्गस्थ अवस्थामा रहेको रासायनिक मल एक लाख ४० हजार ५०४ मेट्रिक टन रहेको छ।

सोमध्ये कृषि सामग्री कम्पनीतर्फ ७८ हजार ३४९ मेट्रिक टन र साल्ट ट्रेडिङतर्फ ६२ हजार १५४ मेट्रिक टन छ। गत आवको ३० हजार ९८३ मेट्रिक टन मल भने मौज्दात छ। त्यसमा युरिया १९ हजार ९२३ मेट्रिक टन, डिएपी १० हजार ४४८ मेट्रिक टन र पोटास छ सय ११ मेट्रिक टन छ।

**खेतीपातीको समयमा रासायनिक मल सहज रूपमा व्यवस्थापन गर्न मन्त्रालयले आवश्यक पहल र प्रयत्न गरिरहेको मन्त्रालयले जनाएको छ ।**

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीका अनुसार किसानले सहज रूपमा रायायनिक मल पाउने गरी सरकारको तर्फबाट आवश्यक पहल भएको छ ।रासस

# पर्वहरू पहिचानसँगै सामाजिक एकता र संस्कृतिका प्रतीक हुन: सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मौलिक पर्वहरू हाम्रा पहिचान मात्र नभई सामाजिक एकता र सांस्कृतिक समृद्धिका प्रतीक पनि भएको बताउनुभएको छ।

गाईजात्रा पर्वका अवसरमा शुभकामना व्यक्त गर्दै सभापति देउवाले यस्ता पर्वले नेपाली समाजको आस्थासँगै परम्परागत मूल्यहरूलाई जीवित राखेका बताउनुभयो । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषताले भरिपूर्ण सुन्दर देश हो । यहाँ विभिन्न जातजाति/समुदायका आ-आफ्नै विशिष्ट परम्परा, रहनसहन, रीतिरिवाज र चाडपर्वहरू छन् ।

यिनै चाडपर्वहरूमध्ये नेवार समुदायमा वर्ष दिनभित्रमा दिवङ्गत आफन्तको सम्झनामा मनाइने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको गाईजात्रा पर्व पनि महत्वपूर्ण हो । सभापति देउवाले यी प्रत्येक पर्वहरूलाई सबैले आदर र सम्मान गर्ने आफ्नै सद्भावयुक्त परम्परा रहेको उल्लेख गर्नुभएको छ।

लोकतान्त्रिक व्यवस्थामा मात्र सबै जातजाति, भाषाभाषी, धर्म-संस्कृति र परम्पराहरूलाई समान अधिकार र अवसर प्राप्त हुने सभापति देउवाले बताउनुभयो। यसले सबै संस्कृतिको संरक्षण र संवर्द्धनमा योगदान पुऱ्याउने उहाँले उल्लेख गर्नुभयो । सबैले यस्ता



सांस्कृतिक धरोहरलाई भावी पुस्ताका लागि संरक्षण गर्दै, पर्वहरूको मौलिकता जोगाउनु सामूहिक दायित्व र जिम्मेवारी भएको उहाँको भनाइ छ।

सभापति देउवाले नेपालीहरुको मौलिक सांस्कृतिक पर्वका रूपमा रहेको गाईजात्राका अवसरमा सम्पूर्णमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्नुभएको छ ।रासस

# सरकारले तराईमा सिंचाइको स्थायी समाधान खोज्ने

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले तराईमा सिँचाइको स्थायी समाधान खोज्न सरकार दृढ रहेको बताउनुभएको छ । मधेस प्रदेशका आठ जिल्लामा ७६ दशमलव ५४ प्रतिशत रोपाइँ भएकामा खुसी व्यक्त गर्दै उहाँले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै तराईमा सिँचाइको स्थायी समाधान खोजिने बताउनुभएको हो।

तराईमा आगामी वर्षदेखि आकासे वर्षाको निर्भरता हटाएर सिँचाइको स्थायी समाधान ल्याउने सरकारको सङ्कल्प रहेको बताउनुभएको छ।

वर्षासँगै सुक्खाले सङ्कटग्रस्त मधेस प्रदेशमा रोपाइँ सुरु भएकामा प्रशन्न हुनुभएका प्रधानमान्त्री ओलीले धैरै महिला सहभागी भएर रोपाइँ गरेको तस्बिरसहित देश र जनतालाई अभिवादन गर्दै "यस वर्षको खडेरीले अन्नको भण्डार मानिने हाम्रो तराईका खेतमा धाँजा परेर रोपाइँ गर्नै नसक्ने अवस्था आयो।

जहाँ रोपाइँ भयो, त्यहाँ पानीको अभावले रोपो मर्न थालेको थियो । किसानका पीर, पसिना र सपना माटोमै सुक्न लागेकाबेला म केही समयअघि तराई गएको थिएँ र सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गर्दै राहत र सहयोगको विशेष निर्णय गरेको थियो", भन्नुभएको छ।




आगामी वर्षदेखि आकासे वर्षाको निर्भरता हटाएर सिँचाइको स्थायी समाधान ल्याउने सरकारको सङ्कल्प रहेको र अब त्यो दिन धैरै टाढा नभएको उहाँले बताउनुभएको छ। किसानको मुस्कान, जमिनमा हरियालीको सुगन्ध र समाजको खाद्यान्न भविष्यलाई देशको र वर्तमान सरकारको लक्ष्य भएको उल्लेख गर्दै प्रधानमन्त्रीले सबै किसानलाई अभिवादन गर्नुभएको छ।

"तत्कालका लागि ५०० वटा डिपबोरिङ जडानको काम सुरु गरिएको थियो, र दीर्घकालीन समाधानका लागि सुनकोशी-मरिन डाइभर्सनको काम अघि बढाइरहेको छ । पछिल्लो साता हामीलाई प्रकृतिले साथ दिएको छ । वर्षाले फेरि हरियाली फर्काउन थालेको छ।

यही साउन २३ गतेसम्म मधेस प्रदेशका आठ जिल्लामा ७६ दशमलव ५४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको छ, र केही दिनमै सम्पूर्ण खेतबारीमा हरियो सपना लहराउनेछ भन्ने आशा छ", प्रधानमन्त्रीले भन्नुभएको छ ।रासस

# हास्य कलाकारका लागि विशेष पर्व "गाईजात्रा"

काठमाण्डु । प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन मनाइने परम्परागत सांस्कृतिक पर्व 'गाईजात्रा' आइतबार काठमाडौँ उपत्यकासहित देशैभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ।

यसपर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छ । पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य गरेको भन्दै विसं २०१७ पुस १ गतेको शाही 'कू'पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो।

विसं २०३३ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले महोत्सवका रूपमा झाँकी र हास्यव्यङ्ग्यसहित गाईजात्रा फेरि मनाउन थालेको हो। यस अवसरमा हास्य कलाकारहरूले पनि विशेष कार्यक्रमको आयोजना गर्दै आएका छन् ।विशेषतः हास्य कलाकारका लागि 'गाईजात्रा' ठूलो पर्वका रूपमा मानिन्छ । सोही कारणले गाईजात्राका अवसरमा काठमाडौँस्थित प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक संस्थामा विभिन्न हास्य कलाकारहरूको प्रस्तुति सुरू भएको छ।

पछिल्ला केही वर्षयता महजोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले 'गाईजात्रा' का सन्दर्भ पारेर प्रहसन नगरे पनि गत वर्ष 'महजात्रा' नामक प्रहसन स्वदेश तथा विदेशमा गर्नुभयो । चलचित्रमा व्यस्त रहनुभएका कलाकार आचार्यले समय मिलाएर प्रहसनमार्फत दर्शकसँग साक्षात्कार गरिरहेको



बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले गत वर्ष महजात्रालाई विदेशसँगै नेपालमा पनि देखायौँ । म र मदन दाई (मदनकृष्ण श्रेष्ठ) लाई दर्शकले दिनुभएको मायाले गर्दा हामी मिलेसम्म प्रहसन लिएर आउने गरेका छौँ । पछिल्लो समय विविध कारणले गाईजात्रामा प्रस्तुति दिन पाइरहेका छैनौँ । तर, नयाँपुस्ताले दिनुभएको निरन्तरताले हामीलाई खुसी दिएको छ।"

कलाकार आचार्यले महजोडी बनेर हामीले काम सुरु गर्दा आफ्ना कुरा सिधैँ भन्न पाइने व्यवस्था नभएको स्मरण गर्नुभयो। उक्त समयमा अभिव्यक्त गर्ने विषयलाई शब्दसँग खेल्दै त्यसलाई कलात्मक बनाएर प्रस्तुत गर्ने गरेको उहाँले जानकारी दिनुभयो।

"तत्कालीन व्यवस्थाले हामीलाई धेरै छुट दिएको थिएन, त्यसैले हामीले कलाको प्रयोग गरेर आफ्ना कुरा भन्ने गर्थ्यौं । अहिले धेरै छुट छ, तर हामीले त्यसलाई कलात्मक बनाउन छाड्न भने हुँदैन । हामीले गर्ने प्रस्तुतिले मनोरञ्जनसँगै संस्कृतिलाई पनि व्यक्त गर्नुपर्छ", कलाकार आचार्यले भन्नुभयो।

पछिल्लो समय 'गाईजात्रा'मा प्रहसन दिन नभ्याउने कलाकारमा 'माग्ने बुढा' को उपनामले चर्चित हुनभएका कलाकार केदार घिमिरे पनि पर्नुहुन्छ । चलचित्रमा अभिनय गर्न थालेयता उहाँले 'गाईजात्रा' मा आफूलाई प्रस्तुत गर्नुभएको छैन।

चलचित्रका माध्यमले मनोरञ्जन दिइरहनुभएका कलाकार घिमिरे प्रहसन र मञ्चलाई सधैँ सम्झना आइरहने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी हास्य कलाकारको ठूलो पर्व हो गाईजात्रा। त्यहाँ मञ्चमा उभिएर अगाडि रहेका दर्शकलाई खुसी बनाउनुको आनन्द बेग्लै छ । तर, पछिल्ला केही वर्षयता चलचित्रमा व्यस्त भएकाले समय निकाल्न सकेको छैन । चलचित्रमा जोडिएपछि अभिनयसँगै प्रचारप्रसार र प्रदर्शनपछि पनि काम गर्नुपर्छ। त्यसकारण समय मिलाउन नसकिएको हो।"

गाईजात्रामा प्रस्तुत हुने रहर नभएका हास्य कलाकार सायदै नहुने घिमिरेले बताउनुभयो। समय मिलेमा आगामी दिनमा 'गाईजात्रा' मा प्रहसन दिने उहाँको भनाइ छ । विसं २०६१ देखि हरेक वर्ष निरन्तर रूपमा गाईजात्रालाई लक्षित गर्दै प्रस्तुति ल्याइरहनुभएका कलाकार शिवशङ्कर रिजालले यस वर्ष 'मिसन नौटङ्की' नामक प्रस्तुति ल्याउनुका साथै सांस्कृतिक संस्थानमा प्रस्तुत गरिरहनुभएको छ। आफ्नो प्रस्तुतिमार्फत राजनीतिक घटनाक्रम, सामाजिक विकृतिदेखि आधुनिक फेसन र ग्ल्यामरसम्मलाई व्यङ्ग्य गरिएको उहाँले बताउनुभयो।

"केही वर्षयता हामीले डिजिटल रूपमा ल्याउने प्रस्तुति होस् वा प्रत्यक्ष प्रस्तुत गर्ने प्रहसनमा व्यावसायिक लाभ नहुन सक्छ, तर यस्ता प्रस्तुति ल्याउनु हामी हास्य कलाकारको धर्म हो । सोही कारण मैले सुरुआती दिनदेखि निरन्तर गाईजात्रालाई लक्षित गर्दै व्यङ्ग्यात्मक कोसेली ल्याउने गरेको छु । मैले प्रत्यक्ष रूपमा पनि आफ्नो प्रस्तुति दिने गरेको छु", उहाँले भन्नुभयो।

पछिल्लो समय चलचित्रमा व्यस्तता बढेसँगै चर्चामा रहेका दीपकराज गिरी, दीपाश्री निरौला, सीताराम कट्टेल 'धुर्मुस', जीतु नेपाललगायत हास्य कलाकार गाईजात्राका अवसरमा मा आयोजना हुने कार्यक्रममा कमै सहभागी हुने गर्नुभएको छ।

'गाईजात्रा' पर्व राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई संसारले पनि यस्तै शोक व्यहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आआफ्नो घरका दिवङ्गत भएका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनु' भनी आज्ञा दिएका आधारमा सुरु भएको ऐतिहासिक तथ्य छ ।रासस

# चार महिनामा विपदका दुई हजार ६ सय ७५ घटना

काठमाण्डु । गत वैशाखदेखि यही साउन २४ गतेसम्म कुल दुई हजार छ सय ७५ विपद्का घटना भएका छन् । ती घटनाबाट चार हजार ७२५ घरपरिवार प्रभावित भएका छन् । विपदका घटनामा परेर एक सय १७ जनाको ज्यान गएको छ भने पाँच सय ६४ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सो अवधिमा बाढीजन्य एक सय ९८ घटना हुँदा १६ जनाको ज्यान गएको छ भने २१ जना बेपत्ता भएका छन्। बाढीबाट एक हजार ३१३ घरपरिवार प्रभावित भएका छन्।

प्राधिकरणको विवरणअनुसार पहिरोका कुल दुई सय ८१ घटना भएका छन् । त्यसमा परेर १३ जनाको ज्यान जाँदा १७ जना घाइते भएका छन् । यस्तै, भारी वर्षाका कारण एक सय ७४, चट्याङका दुई सय ४४, सर्पदंशका ७४, आगलागीका एक हजार ६६, वन डढेलोका एक सय ५८, हावाहुरीका दुई सय ७६, जनावर आक्रमणका एक सय ५३, लेक लागेर ४१, भूकम्पका पाँच घटना भएका छन् । विपद्जन्य घटनाका कारण चार हजार सात सय २५ घरपरिवार प्रभावित भएका छन् । त्यसमा परेर २२ जना बेपत्ता भएका छन् ।

यस्तै, साउन २४ गतेसम्म मात्रै ३५ विपदका घटना भएका छन् । त्यसमा सबैभन्दा बढी पहिरोका १३, आगलागीका चार, बाढी एक, अविरल वर्षा पाँच, चट्याङ एक, लेक लागेको दुई र जनावरको आक्रमणबाट एउटा घटना भएको छ । ती घटनामा परेर ६ जना घाइते भएका छन् ।रासस



## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बौद्धिकक्रियाकलापमासक्रियताबढ्नेछ। |
| वृष : | वृष राशीका व्यक्तिहरु आज धनागम हुने, स्वास्थ्य राम्रो रहनेछ । |
| मिथुन : | परिश्रम अनुसारको उपलब्धि पाउन कठिन हुन सक्छ । |
| कर्कट : | स्वास्थ्यमा कमजोरीको अनुभूति हुन सक्छ। काममा उचित समय दिन सकिदैन। |
| सिंह : | पारिवारिकसुखमिल्नुकासाथैअध्ययन अध्यापनको क्षेत्रमा प्रगति हुनेछ । |
| कन्या : | परिश्रमको प्रतिफपल ढिलो गरी प्राप्त हुन सक्छ । |
| तुला : | मनमा उत्साह र उमङ्ग रहन सक्छ । |
| वृश्चिक : | सम्पन्न हुन लागेको काममा विध्नबाधा आउन सक्छ। |
| धनु : | मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| मकर : | विद्यार्थीहरुले पढाईबाट सफलता प्राप्त गर्न सक्ने समय छ। |
| कुम्भः | ठुलो लाभ लिन नसकिए पनि व्यवसायिक यात्राको सम्भावना छ । |
| मीन : | गोचरमा अष्टम चन्द्रमाको प्रभावले शरीरमा चोटपटक लाग्न सक्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको लक्ष्मीनिया गाउँपालिका ५ मा अवस्थित नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतको राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र, हर्दिनाथ आसपासको क्षेत्रमा हरियाली देखिएको धान खेतको फाँट। कृषि विकास निर्देशनालय, नक्टाझिझ धनुषाका अनुसार हालसम्म धनुषामा ७० प्रतिशत र समग्र मधेश प्रदेशमा ७६.५४ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# गण्डक नहरमा अतिक्रमण हुँदा किसान समस्यामा

वीरगञ्ज। बाराको फेटाबजार नजिकै गण्डक नहर किनारमा अतिक्रमण हुँदा रौतहटका किसान मर्कामा परेका छन् । पर्सा, बारा र रौतहटका दक्षिणीभेगका किसान सिँचाइका लागि गण्डक नहरमा आश्रित छन् ।

मधेस प्रदेशमा खडेरी लागेर सङ्कटग्रस्त भएसँगै बाराका किसानले नहरको किनारा आफूखसी भत्काएर उत्तरतर्फ पानी लगेपछि समस्या देखिएको हो। नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोजकुमार पटेलले बाराको फेटाबजार नजिकै डेढ किलोमिटरको दुरीमा पछिल्लो एक महिनामा चार पटक गण्डक नहरको संरचना भत्काएर उत्तरतर्फ पानी लगेको भेटिएको बताउनुभयो ।

"गण्डक नहरको किनारा भत्काएर पानी लैजानेलाई कारबाहीका लागि बाराका स्थानीय प्रशासन तथा प्रहरीमा उजुरी दिँदै आइरहेका छौँ", उहाँले भन्नुभयो, "नहरको किनाराको संरचना भत्काएर बिगार्नेको पहिचान अहिलेसम्म हुन सकेको छैन ।"

कार्यालय प्रमुख पटेलले नहरको किनारा काटेसँगै रौतहटको बङ्कुलसम्म पानी पुग्नका लागि अवरोध हुँदै आइरहेको बताउनुभयो । "गण्डक नहरको पानी पर्सा, बारा र रौतहटसम्मका दक्षिणीभेगतर्फ सिँञ्चित हुने गर्छ, बाराको फेटाबजार नजिकै नहरको किनारा भत्काइदिएपछि भने रौतहटका किसानलाई समस्या भएको छ", उहाँले भन्नुभयो।

कार्यालयका अनुसार आइतबारदेखि मङ्गलबारसम्म पर्सा जिल्लामा पानी वितरण गरिन्छ भने बुधबारदेखि शनिबारसम्म भने बारा र रौतहटका किसानलाई पानी वितरण गरिँदै आइएको छ। बाराका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) वसन्त अधिकारीले बाराको बसन्तपुरमा गण्डक नहरको किनारा भत्काउनेको खोजी भइरहेको जानकारी दिनुभयो ।



प्रजिअ अधिकारीले गण्डक नहरका कर्मचारी र प्रहरीसँग समन्वय भइरहेको बताउनुभयो । "बारा र रौतहटमा पानीको पालो लगाउने समयमा नहरको किनारा काट्ने समस्या देखिएको छ", उहाँले भन्नुभयो, "गण्डक नहरसँगै साइफन पनि रहेको छ । साइफनतर्फबाट दक्षिणतर्फ पानी बगाएर भारततर्फ पनि पानी लैजाने गरेको देखिएको छ। सो कार्य नियन्त्रणका लागि आवश्यक पहलकदमी भइरहेको छ।"

**गण्डक नहरमा ७०० क्युसेक पानी**

भारतले गण्डक सिँचाइ तथा जलविद्युत् योजनाको सम्झौता अनुसारको गण्डक नहरमा पानी उपलब्ध नगराउँदा सो नहरबाट सिँचाइ हुने पर्सा-बारा र रौतहटका किसान प्रभावित छन् । भारतीय पक्षले पछिल्लो समय भने नहर पर्याप्त मात्रामा सरसफाइ नभएको भन्दै पूर्ण क्षमतामा पानी नआएकाले पनि सो अनुसारको उपलब्ध गराउन नसकेको पत्राचार गरेको छ।

दोन नहर प्रमण्डल रामनगरका कार्यपालक अभियान्ताका कार्यालयका विश्वास भाजनले यही अगष्ट ८ तारिखमा पठाएको पत्रमा गण्डकको मुख्य संरचना सरसफाइ नहुँदा क्षमताअनुसारको पानी उपलब्ध नभएकाले पनि कम पानी पठाइएको उल्लेख गरिएको छ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख पटेलले पछिल्लो एक सातादेखि गण्डक नहरमा भारतीय पक्षले सात सय क्यूसेक पानी उपलब्ध गराउँदै आइरहेको जानकारी दिनुभयो । "सम्झौताअनुसार ८५० क्यूसेक पानी उपलब्ध हुनुपर्ने भए पनि अहिले पछिल्लो एक सातादेखि गण्डक नहरमा ७०० क्यूसेक पानी उपलब्ध हुँदै आइरहेको छ", उहाँले भन्नुभयो, "नेपालको तर्फबाट चौतर्फी दबाब बढाएपछि मात्रै भारतीय पक्षले ७०० क्यूसेक पनि उपलब्ध गराउन थालेको हो।"

कार्यालय प्रमुख पटेलले गण्डक नहरबाट सिञ्चित हुने पर्सा र बाराका खेतमा पर्याप्त पानी पुगेपनि रौतहटमा भने पुग्न नसकेको बताउनुभयो । नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ मा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो । सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो।

सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टरमा सिँचाइका लागि भारतीय पक्षले नेपालका लागि ८५० क्यूसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ सालमा नेपाललाई हस्तान्तरण गरेको थियो । गण्डक नहर भारतीय भूमि हुँदै नेपाल-भारतको सीमाक्षेत्र जानकी टोलाहुँदै पर्सामा पानी भित्रिने गर्छ।रासस

# सशस्त्र प्रहरी बल रौतहटद्वारा पाँच करोड ७४ लाख मूल्यका सामान बरामद

रौतहट। सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल रौतहटले गत आर्थिक वर्ष २०८१/८२ मा रु पाँच करोड ७४ लाख दुई हजार ६९९ मूल्य पर्ने सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतले गत आवमा सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै भन्सार छलीका सामान बरामद हुनेक्रम उल्लेखनीय रुपमा वृद्धि भएको जानकारी दिनुभयो।

"गत आवमा मात्रै रु दुई करोड ३१ लाख ४७ हजार मूल्य पर्ने स्कोरपियो गाडीदेखि साइकलसम्मका सवारीसाधन बरामद गरेका छौँ", उहाँले भन्नुभयो, "सोही अवधिमा रु दुई करोड ४८ लाख ४५ हजार ६५३ मूल्य पर्ने अवैध किराना, कस्मेटिक, लत्ताकपडा र मोटरपार्टस्का समान पक्राउ गर्न सशस्त्र प्रहरी सफल भएको छ ।" सशस्त्र प्रहरीका अनुसार गत आवमा एक/एक थान स्कोरपियो




र सफारी गाडी बरामद गरिएको छ । त्यसैगरी, एक/एक थान बोलेरो, म्याजिक र अटोरिक्सासहित १८० वटा मोटरसाइकल बरामद गरी गौर भन्सार कार्यालयलाई बुझाएको छ । सशस्त्र प्रहरी उपरीक्षक बस्नेतले गत आवमा स्रोत नखुलेका रु ४८ लाख १७ हजार ११० रकम बरामद गरेको पनि जानकारी दिनुभयो ।

त्यस्तै, सोही अवधिमा स्रोत नखुलेका नौ लाख ४९ हजार ४४९ भारतीय रुपैयाँ पनि बरामद भएको छ । सशस्त्र प्रहरीले गत आवमा ६९३ क्युफिट काठ बरामद गरेर डिभिजन वन कार्यालय रौतहटलाई बुझाएको जनाएको छ।

सशस्त्र प्रहरी उपरीक्षक बस्नेतका अनुसार गत आवमा ४०६ कार्टुन अर्थात् रु पाँच लाख ५१ हजार ८२५ मूल्यको मदिरा बरामद गरिएको छ।

सोही अवधिमा ८५० किलोग्राम माछा, एक हजार २४९ किलोग्राम बोइलर कुखुरा, १६ वटा गाईगोरु, भैंसी र पाडापाडी पनि बरामद गरिएको छ।

त्यस्तै, रौतहट जिल्लास्थित सशस्त्र प्रहरीबलले रु चार लाख तीन हजार ५६ मूल्यका पटकासमेत बरामद गरेको जनाएको छ । दक्षिणी सीमानाकामा पाँच वटा 'बोर्डर आउटपोष्ट' रहेको रौतहटमा अरु आठ वटा सुरक्षाबेस क्याम्पमार्फत सशस्त्र प्रहरीले प्राप्त जिम्मेवारी पूरा गरिरहेको प्रहरी उपरीक्षक बस्नेतले जानकारी दिनुभयो ।रासस

# देशभर मनाइयो पहिलो दिनको गाईजात्रा



काठमाण्डु। प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिनदेखि आठ दिन अर्थात् अष्टमीसम्म मनाइने गाईजात्रा पर्वको पहिलो दिनको जात्रा आइतबार विधिपूर्वक मनाइएको छ।

उपत्यकालगायत देशभरका मुख्य सहरमा दिवङ्गत भएका आफन्तको सम्झनामा विभिन्न कार्यक्रम गरी पहिलो दिनको गाईजात्रा मनाइएको हो । गाईजात्राको भोलिपल्ट बौद्धमा र त्यसको पर्सीपल्ट जयवागेश्वरीमा रोपाइँ जात्रा मनाउने गरिन्छ । गाईजात्राको भोलिपल्ट जयवागेश्वरीमा खड्ग जात्रा र अन्य स्थानमा विभिन्न नामले गाईजात्रा मनाउने गरिन्छ । भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म मनाइने यो पर्व मल्लकालेखि सुरु भएको हो।

एक वर्षदेखि दिवङ्गत भएका आफन्तको सम्झनामा आज गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराएर दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी मनाइएको छ। गाईजात्राका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सांस्कृतिक झाँकी र साजसज्जाका साथ गाईको भेषमा बालबालिकाको र्‍याली निकालिएको थियो।

भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन परम्परागत सांस्कृतिक उत्सव 'गाईजात्रा' मनाइन्छ । आठ दिनसम्म गाईजात्रा, खड्गजात्रा, रोपाइँजात्रालगायत नाममा गाईजात्रा सप्ताहव्यापी रुपमा मनाउने परम्परा रही आएको छ । मृत्यु भएकाको सम्झनामा नगरपरिक्रमा गर्नाले गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएको जानकारहरू बताउँछन् । यतिले पनि रानीको मन शान्त हुन नसकेपछि विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको जनश्रुतिसमेत छ।

सोही समयदेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा हाल पनि कायमै छ । देशका विभिन्न सहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनकता हुन्छ । पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छन् ।

जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमुना, काठमाडौँको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तकहरू विशेष दर्शनीय मानिन्छन्। आजभोलि गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गर्न सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना गरिन्छ । पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित हुने गरेको छ।

यो पर्व काठमाडौँ उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रविसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौँडा र पोखरा लगायतका सहरमा पनि मनाइन्छ। गाईजात्राका अवसरमा काठमाडौँ उपत्यकामा सार्वजनिक बिदा दिइएको थियो ।रासस

# झुला पर्व मनाइयो

महोत्तरी । साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म मिथिला क्षेत्रमा मनाइने झुला पर्व सम्पन्न भएको छ।

भगवान् विष्णु र भगवती लक्ष्मीको आराधनाको यो पर्व मिथिलाका मठमन्दिरमा सामूहिक रूपमा मनाइन्छ । विष्णु लक्ष्मीका अवतार मानिने रामसीता र कृष्णराधाका प्रतिमालाई विशेष झुला (कोक्रा, एकप्रकारको कलात्मक पिङ)मा हल्लाउनु नै यस पर्वको मुख्य विधि हो। झुलामा राखिएका प्रतिमालाई डोरी समाएर झुला गीत गाउँदै श्रद्धालुले हल्लाउने गर्छन् । साउन पूर्णिमाको मध्यरात कटेपछि देवदेवीलाई झुलाइने झुलाको डोरी छिनाएर १३ दिने यो पर्व सम्पन्न गरिएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णवले जानकारी दिनुभयो।

मिथिलामा जनकपुरधामस्थित जानकी मन्दिर र मटिहानीस्थित लक्ष्मीनारायण मठ र लक्ष्मीनारायण मन्दिर परिसर झुलाघरको झुला उत्सव प्रसिद्ध छ। यस उत्सवमा पायक पर्ने मुख्य मठ र मन्दिरमा वरपरका अन्य मठमन्दिरबाट विष्णु लक्ष्मीका प्रतिमा एकै ठाउँ ल्याएर उत्सव मनाउने चलन छ । झुला, मल्हार र कजरी गीतका लयमा गाउँदै, नाच्दै मनाइने यो पर्व मिथिलाको विशिष्ट परम्परा भएको मिथिला लोकपरम्पराका जानकार बताउँछन् । मिथिलामा यो उत्सव परम्परा विसं १७८७ तिर सन्त सुरकिशोर दासले सुरु गर्नुभएको विश्वास गरिँदै आइएको जनकपुरस्थित जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले जानकारी दिनुभयो।



साउनको पनि पछिल्लो शुक्लपक्ष मिथिलामा सामान्यतया मौसम अनुकूल रहँदा मुख्यबाली धान रोपेर सकिएपछिको समय हुन्छ। यतिखेर किसान मन्दमन्द पानी परिरहोस् भन्ने कामना गर्छन् । यसैबेला धानको रोपो हरियो फेरिएर लहलहाएको दृश्यले किसान आफ्नो मेहनतप्रति मख्ख पर्छन् । प्रकृतिले जतातै सुन्दरता बिखेरेको यो बेला रमाउन नै मैथिल (मिथिलाका बासिन्दा) आफ्ना इष्टदेवदेवी राम, कृष्ण एवं सीता, राधासँग खेलेको अनुभूति सँगाल्न झुला पर्वमा रमाउने गरेका मैथिल परम्परा र संस्कृतिका जानकार बताउँछन् ।

मिथिलामा यो पर्व राम जन्मभूमि अवध (अयोध्या) र कृष्णको बाललीलास्थल मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको विश्वास गरिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सीताको माइती भएका हुँदा ज्वाइँलाई प्रसन्न राख्ने मैथिल परम्पराअनुसार साउन शुक्लपक्षका पछिल्ला १३ दिन श्रीरामलाई झुलाउने परम्परा चलेको याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानीका प्राचार्य हेमनारायणलाल कर्ण बताउनुहुन्छ । जनकपुरमा अघि रामसीताको विवाह हुँदा राजा जनकले दाइजोमा दिनुभएको हीरा, रत्न र मणिमाणक्यको थुप्रो लागेको र त्यो पाहाडजस्तै बनेको बताइन्छ । अहिले मणिपर्वत भनिने सो ठाउँ जनकपुरस्थित जानकी मन्दिरबाट करिब पाँच किलोमिटर उत्तरपश्चिममा अवस्थित छ । झुला पर्वमा साउन शुक्ल तृतीयाका दिन यसै मणिपर्वतको पूजा गरेर पर्व सुरु गरिने मिथिला परम्परा छ।

जनकपुरमा जानकी मन्दिरमा र महोत्तरीको मटिहानीमा झुलाघरमा उत्सव मनाइन्छ। झुलनोत्सवकै लागि निर्मित झुलाघरमा लक्ष्मीनारायण मठ र मन्दिरबाट विष्णुलक्ष्मी प्रतिमा डोलीमा बोकेर ल्याई झुलामा झुलाइन्छ । मटिहानीमा नेपाल भारतका गरी दर्जनौं मठमन्दिरका प्रतिमा झुलाका लागि ल्याइने चलन छ। पर्वभरि साधुसन्त केन्द्रमा जम्मा भई पर्वमा रमाउँछन्।

यो मिथिला लोकपरम्पराकै खास सांस्कृतिक पर्व रहँदै आएको जलेश्वर-५ पतैलीका बासिन्दा यालना विद्यापीठ मटिहानीका अवकाशप्राप्त नेपाली साहित्यका सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ ।रासस

# मूल्य बढेपछि अलैँची खेती विस्तारमा जुट्दै किसान

भोजपुर। अलैँचीको मूल्य वृद्धि भएपछि भोजपुरका किसान खेती विस्तारमा जुटेका छन्। यसअघि उत्पादन भएको अलैँचीले राम्रो मूल्य पाएपछि किसान अलैँचीखेती विस्तारमा जुटेका हुन्।

गत वर्षदेखि मूल्य वृद्धि भएपछि यहाँका किसान नयाँ बगैँचा विस्तारसँगै पुराना बगैँचाको संरक्षणमा जुटेका टेम्केमैयुङ-५ का शिवकुमार विष्टले बताउनुभयो। गत वर्ष प्रतिमन अलैँची रु एक लाखदेखि रु एक लाख दुई हजारसम्म बिक्री भएपछि किसान उत्साहित भएको उहाँको भनाइ छ। मूल्य वृद्धि भएपछि परम्परागत बालीलाई हटाएर पुनः अलैँचीखेतीमा जुटेको उहाँले जानकारी दिनुभयो। केही वर्षअघिसम्म मूल्यमा निरन्तर गिरावट आएपछि धेरै किसानले बगैँचा विस्तार गरेका थिएनन्।

बजारमा अलैँचीले राम्रो मूल्य पाउन थालेपछि किसान बगैँचा विस्तारमा लागेका अलैँची व्यवसायी महासङ्घका अध्यक्ष राजेश विष्टले बताउनुभयो। राज्यले प्राविधिक सहयोग गरेमा किसानले अझ राम्रो आम्दानी लिन सक्ने उहाँको भनाइ छ। रोग, कीरा नियन्त्रणका लागि प्रत्येक अलैँची जोनमा एक कृषि प्राविधिक राख्न आवश्यक रहेको उहाँले बताउनुभयो।


"मूल्य बढेसँगै अलैँचीखेती क्षेत्र विस्तारमा किसान जुटेका छन्", अध्यक्ष विष्टले भन्नुभयो, "केही ठाउँमा रोग कीराको प्रकोप बढेको छ। राज्यको तहबाट राम्रो प्राविधिक सहयोग भएमा किसानले अझ राम्रो आम्दानी लिन सक्ने थिए ।रासस

# ट्रकको ठक्करबाट दुई जनाको मृत्यु

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोट-१० स्थित सिस्नेपुलमा आज ट्रकले स्कुटरलाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ।

नारायणघाटतर्फबाट कावासोतीतर्फ जाँदै गरेको ना५ख ८४१७नम्बरकोट्रकलेनारायणघाटतर्फ जाँदै गरेको लु५५प ३१३४ नम्बरको स्कुटरलाई सिस्नेपुलमा ठक्कर दिएको थियो । स्कुटरलाई ठक्कर दिएपछि ट्रक अनियन्त्रित भई पल्टिँदा उक्त स्कुटरमा सवार व्यक्ति र ट्रक चालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मधु नेपालले जानकारी दिनुभयो

दुवै जनाको शव चितवनको भरतपुर अस्पतालमा राखिएको छ । उनीहरुको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# स्थानीय तहमा पार्टीगत राजनीतिक अन्त्य होस्

मधेश प्रदेशको अधिकांश स्थानीय तहले बजेट ल्याइसकेको छ भने कतिपय स्थानीय तहले भने नीति तथा कार्यक्रम र बजेटसमेत ल्याउन सकेको छैन । स्थानीय तहमा पार्टीगत राजनीतिककै कारण पनि बजेट ल्याउन ढिलाइ हुँदै आएको छ । स्थानीय तहमा जनप्रतिनिधिहरु बीच नै सामञ्जस्यताको अभावले पनि बजेट र नीति तथा कार्यक्रम निर्धारित समयमा आउन नसकेको सर्वविदितै छ । मधेश प्रदेशका १ सय ३६ वटा पालिकामध्ये २० स्थानीय तहले बजेट र नीति तथा कार्यक्रम ल्याउनमा अझैसम्म पनि ढिलाइ भएको छ। कतिपय पालिकामा मेयर-उपमेयर बीचको द्वन्द्व  र राजनीतिक स्वार्थका कारण पनि समस्या भएको छ। धनुषाको धनौजी गाउँपालिका, मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, नगराईन नगरपालिका, कमला नगरपालिका, हंसपुर नगरपालिका र औरही गाउँपालिकाले समयमा बजेट ल्याउन सकेको छैन । महोत्तरीको जलेश्वर नगरपालिकामा पनि मेयर र उपमेयरबीचको शक्ति संघर्षले नगरसभा रोकिएको छ । त्यस्तै मेयरले समय नदिँदा सिरहा नगरपालिकाको बजेटमा ढिलाइ भएको छ । बाराको जीतपुरसिमरा उपमहानगर र निजगढ नगरपालिकाले मेयर-उपमेयरको विवादका कारण बजेट र नीति तथा कार्यक्रम प्रभावित हुँदै आएको छ। सप्तरीको चार पालिकाले अझै नगर-गाउँ सभाका लागि प्रक्रिया नै पुऱ्याएको छैन। त्यस्तै राजविराज नगरपालिका, डाक्नेश्वरी नगरपालिका र अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले पनि बजेट प्रभावित हुँदै आएको छ। रौतहटको पाँच वटा देवाही गोनाही, बृन्दावन, फतुवा विजयपुर नगरपालिका र यमुनामाई र दुर्गा भगवती गाउँपालिकामा पनि बजेट र नीति तथा कार्यक्रम ल्याउनमा अन्योलता कायमै देखिन्छ। सर्लाहीको पर्सा गाउँपालिकाले भने बजेट विनियोजन गर्न सकेको छैन । धोबिनी गाउँपालिकाले बहुमत नपुगेको भन्दै नगरसभा स्थगित गरेको छ । विन्ध्यवासिनी गाउँपालिका र छिपहरमाई गाउँपालिकाले पनि नीति तथा कार्यक्रम र बजेट नल्याउँदा कार्यालयको कामकाजसमेत प्रभावित भएको छ। संघीय सरकार र प्रदेश सरकारले बजेट खर्च गरेको अधारमा अनुदान दिने गरेको हुनाले खर्च गर्न नसक्दा विवादित पालिकाहरू कटौतीमा पर्ने र तीनको बजेटको आकार घट्ने भएको देखिन्छ। स्थानीय तहमा जनप्रतिनिधिबीचको द्वन्द्व, व्यक्तिगत स्वार्थमा अडान, पार्टीगत हाबी हुँदा पनि बजेट ल्याउन नसक्नुमा जनप्रतिनिधि नै दोषी देखिन्छ। तर यसरी बजेट ल्याउन नसक्दा स्थानीयवासीले भोग्दै आएको विकास निर्माणको कार्यको समस्या, पाउनुपर्ने विभिन्न सेवा सुविधा र विभिन्न किसिमका अनियमितता हुँदा पनि कारबाही गर्ने निकाय नहुँदा सबै समस्या स्थानीय नागरिकमाथि नै परिरहेको छ । जनप्रतिनिधिले गर्ने भ्रष्टाचारको बेथितिको कथा पनि आफ्नै छ। जनप्रतिनिधिलाई पारदर्शी र सुशासनका लागि सजग गराउने र कारबाही गर्ने निकाय नहुँदा पनि आर्थिक अराजकता र भ्रष्टाचार मौलाउने गरेको पाइन्छ। तथापि समयमै बजेट र नीति तथा कार्यक्रम निर्धारित समयमै हुनुपर्ने स्थानीय नागरिकको माग तत्काल सम्बोध गर्न जनप्रतिनिधिले आफ्नो जिम्मेवार बिर्सिनु हुँदैन।

# नेपाली पत्रकारिता क्षेत्रका समस्या ,आर्थिक अप्ठ्यारो र स्वतन्त्रताको चुनौती



प्रेमचन्द्र झा

नेपालमा पत्रकारिताको महत्त्व केवल समाचार लेख्ने वा तथ्य प्रस्तुत गर्ने काममा सीमित छैन। यो पेशा समाज, शासन र नागरिकबीचको संवादको आधार हो। तर यो पेशा आज आफैं संकटमा छ। पत्रकारिता पेसामा लागेका हजारौं व्यक्ति दिनहुँ अस्तित्वको लडाइँ लडिरहेका छन् - एकातिर आर्थिक अप्ठ्यारो, अर्कोतिर स्वतन्त्रताको चुनौती।

नेपालका पत्रकारहरू प्रायः न्यून पारिश्रमिकमा काम गर्छन्, कहिले त महिनौंसम्म तलब नपाउने अवस्थामा पनि हुन्छन्। धैरै पत्रकारहरू करारमा छन्, जसले तिनको पेशागत अधिकारलाई कमजोर बनाउँछ। बीमा, पेन्सन, वा सामाजिक सुरक्षाको कुनै सुनिश्चितता छैन। यस्तो अवस्थाले पत्रकारलाई बाँच्नकै लागि सम्झौता गर्न बाध्य बनाउँछ - उनीहरू आफ्नो कलमको स्वतन्त्रता बेच्न वाध्य हुन्छन्।

दोस्रो ठूलो चुनौती सम्पादकीय स्वतन्त्रताको अभाव हो। धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन्। सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ। यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ। समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ।

नेपालको पत्रकारिता आज राजनीतिक दलहरूको प्रभावमा नरहेकै छैन, उनीहरूकै प्रवक्ताजस्ता बन्दै गएको छ। कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ता झैं प्रस्तुत हुन्छन्। यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ। तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ। जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन्।

श्रमशोषण पनि पत्रकारिताको कालो छाया हो। लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन्। श्रम ऐनले दिएको हक मिडिया संस्थाले पालना गर्दैनन्, र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ। यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ।

प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन्। विशेषतः ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन्। समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ। यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन्। आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ।

त्यसैगरी, आजका दिनमा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन्। पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ। पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिता प्रति जनआस्थालाई कमजोर बनाएको छ। जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ।

नेपालमा तालिमको अभाव पनि गम्भीर समस्या हो। अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन। अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन्। प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन्। यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ।

एकातिर परम्परागत मिडियाको अवस्था संकटमा छ - आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्था छ। अर्कोतिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ। फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ। प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ।

यी सबै समस्याहरूले पत्रकारिताको मूल चरित्र - सत्यको खोजी, जनताको आवाज, र सत्ता-प्रशासनको जवाफदेहितालाई गम्भीर प्रश्नमा पार्छन्। पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन। पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन। पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ। त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ।

> नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरुले यो संकटलाई गम्भीर रुपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्न जरुरी छ। जरुरी छ।

यसो भन्दैमा केही गर्न सकिँदैन भन्ने होइन। पहिलो, राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ। श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। सञ्चार गृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ।

दोस्रो, प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लङ्घन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ। पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता समुदायबाट हुनुपर्छ।

तेस्रो, सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ। मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट छुट्टाव स्थापित हुनुपर्छ।

चौथो, पत्रकारहरूको तालिम, अनुसन्धान फेलोशिप, र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ।

अन्ततः, पाठक, श्रोताहरू - जनताले पनि सचेत हुनुपर्छ। सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ। किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ।

नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्ननेपालमा पत्रकारिताको महत्त्व केवल समाचार लेख्ने वा तथ्य प्रस्तुत गर्ने काममा सीमित छैन। यो पेशा समाज, शासन र नागरिकबीचको संवादको आधार हो। तर यो पेशा आज आफैं संकटमा छ। पत्रकारिता पेसामा लागेका हजारौं व्यक्ति दिनहुँ अस्तित्वको लडाइँ लडिरहेका छन् - एकातिर आर्थिक अप्ठ्यारो, अर्कोतिर स्वतन्त्रताको चुनौती।

नेपालका पत्रकारहरू प्रायः न्यून पारिश्रमिकमा काम गर्छन्, कहिले त महिनौंसम्म तलब नपाउने अवस्थामा पनि हुन्छन्। धैरै पत्रकारहरू करारमा छन्, जसले तिनको पेशागत अधिकारलाई कमजोर बनाउँछ। बीमा, पेन्सन, वा सामाजिक सुरक्षाको कुनै सुनिश्चितता छैन। यस्तो अवस्थाले पत्रकारलाई बाँच्नकै लागि सम्झौता गर्न बाध्य बनाउँछ - उनीहरू आफ्नो कलमको स्वतन्त्रता बेच्न वाध्य हुन्छन्।

दोस्रो ठूलो चुनौती सम्पादकीय स्वतन्त्रताको अभाव हो। धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन्। सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ। यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ। समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ।

नेपालको पत्रकारिता आज राजनीतिक दलहरूको प्रभावमा नरहेकै छैन, उनीहरूकै प्रवक्ताजस्ता बन्दै गएको छ। कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ता झैं प्रस्तुत हुन्छन्। यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ। तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ। जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन्।

श्रमशोषण पनि पत्रकारिताको कालो छाया हो। लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन्। श्रम ऐनले दिएको हक मिडिया संस्थाले पालना गर्दैनन्, र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ। यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ।

प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन्। विशेषतः ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन्। समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ। यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन्। आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ।

त्यसैगरी, आजका दिनमा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन्। पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ। पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिता प्रति जनआस्थालाई कमजोर बनाएको छ। जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ।

नेपालमा तालिमको अभाव पनि गम्भीर समस्या हो। अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन। अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन्। प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन्। यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ।

एकातिर परम्परागत मिडियाको अवस्था संकटमा छ - आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्था छ। अर्कोतिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ। फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ। प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ।

यी सबै समस्याहरूले पत्रकारिताको मूल चरित्र - सत्यको खोजी, जनताको आवाज, र सत्ता-प्रशासनको जवाफदेहितालाई गम्भीर प्रश्नमा पार्छन्। पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन। पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन। पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ। त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ।

यसो भन्दैमा केही गर्न सकिँदैन भन्ने होइन। पहिलो, राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ। श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। सञ्चार गृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ।

दोस्रो, प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लङ्घन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ। पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता समुदायबाट हुनुपर्छ।

तेस्रो, सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ। मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट छुट्टाव स्थापित हुनुपर्छ।

चौथो, पत्रकारहरूको तालिम, अनुसन्धान फेलोशिप, र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ।

अन्ततः, पाठक, श्रोताहरू - जनताले पनि सचेत हुनुपर्छ। सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ। किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ।

नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्न जरुरी छ। जरुरी छ।

# नेपालको विकासमा पर्यटन र कृषिको सम्भावना !

ऋषिकेश यादव

नेपाल यस्तो देश हो जहा विकास गर्न खोज्यो भने पर्यटन र कृषिमा धेरै सम्भावना छ। तर सायद पर्यटकले र कृषकले सम्भावना देखे पनि नेताहरु वा सम्बन्धित मन्त्रालयको मन्त्रीहरुले आँखा बन्द गरेर होला यो दुईवटा क्षेत्रमा विकास भएको छैन। पहाड र तराईको कतिपय उर्वरा जमिनहरु खाली नै छ। पर्यटन क्षेत्रमा पनि धेरै मात्रामा पर्यटकहरु नेपाल भित्र्याउन सकेको छैन। नेपालमा असार १५ गते धान दिवसको रुपमा मनाईन्छ। नेपाल कृषि प्रधान देश पनि हो तर किसानहरुको पीडा भने सरकारले बुझेको छैन।

नेपाल अहिले प्रदेशमा विभाजन भयो। प्रदेश सरकारले पनि कृषि र पर्यटन क्षेत्रमा आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हो तर प्रदेश सरकारलाई यो विषयमा चासो छैन। हरेक प्रदेशमा आफ्नै पर्यटकीय गन्तव्यहरु छन्। हरेक प्रदेशहरुको आफ्नै प्रसिद्ध स्थलहरु छन्। यो दुईवटा क्षेत्रलाई बेवास्ता गरेर नेपालमा मानिसहरु उधोग क्षेत्रमा हात हाल्न खोज्छन्। केन्द्र वा प्रदेश सरकारले पनि पर्यटन क्षेत्र वा कृषि क्षेत्रलाई खासै वास्त गर्दैन र बजेट पनि राम्रोसँग निर्धारण गर्दैन।

नेपाललाई सगरमाथा र बुद्धको देश भनेर चिनिन्छ। लुम्बिनीमा बुद्ध जयन्तीको दिन पर्यटकहरुको भिड हुन्छ। मधेस प्रदेशमा रामसीता विवाहपञ्चमीको दिन पनि भिड हुन्छ। त्यस्तै बागमती प्रदेशमा शिवरात्रीको दिन पशुपतिनाथ मन्दिरमा भिड लागेको हुन्छ। अन्य प्रदेशहरुमा पनि विभिन्न प्रसिद्ध पर्वहरुमा सम्बन्धित ठाउँमा भिड लागेको हुन्छ। कृषि र पर्यटन नेपाल र नेपालीको जीवनयापनको प्रमुख आधारभूत आर्थिक गतिविधि हुन्। यसैगरी, पर्यटनको अपार सम्भावना बोकेको नेपालको भूसंरचना , विविध खाले मानव एंव प्राकृतिक विविधतालाई विश्वाससामु बजारीकारण  गर्न कमजोर रहे तापनि आर्थिक क्षेत्रमा उदाउँदा विश्वका ठूला हाम्रा छिमेकी मुलुक भारत र चीनलाई मात्र आकषित गराउन सकियो भने नेपाल एउटा समृद्ध राष्ट्र नेपाली सुख नरहने कुरै छैन। यहाँ अन्तर्राष्ट्रिय गन्तव्यको  सगरमाथा , लुम्बिनी र हिन्दु आस्थाका एंव सम्पदाको मुलुकभित्र अथाह अन्तर्राष्ट्रिय पर्यटनको गतिविधि सञ्चालन गर्न प्रचुर सम्भावना छ।



नेपाल भ्रमण वर्ष २०२० को तयारीमा आन्तरिक पर्यटन प्रवद्धन वर्ष २०१९ मा पाँच प्रदेश गण्डकी, लुम्बिनी,मधेस, बागमती र कोशीमा प्रचार प्रसारमा सकृय भूमिका निर्वाह गर्यो। नेपालको समुन्नत भविष्य निर्माणका लागि पर्यटन र कृषि क्षेत्रको दिगो विकास अपरिहार्य छ। नेपाल संसारकै अग्लो शिखर सगरमाथादेखि लिएर माछापुच्छे, अन्नपूर्ण, लाङटाङ, गौरीशंकर जस्ता हिमालहरु मनमोहक तालतलैया , जलप्रपात, वनजंगल, राष्ट्रिय निकुञ्जहरु र जैविक विविधता भएको देश हो। नेपालको ६० प्रतिशत भन्दा बढी जनसंख्या कृषि पेशामा निर्भर छ। नेपालको भू-प्रकृति, जलवायु, जलस्रोत र मौसमले कृषि कार्यलाई अनुकूल बनाउछ। अहिलेका दिनमा कृषि क्षेत्रलाई यान्त्रिकरण, सिंचाइ, मलबीउको व्यवस्थापन, बागवानी, जैविक खेती, स्मार्ट कृषि प्रविधि जस्ता माध्यमबाट आधुनिक बनाउन सकिन्छ। सीप, प्रविधि र बजारीकरण गर्ने चुनौतीलाई राम्ररी व्यवस्थापन गर्न सकिने हो भने नेपाल र नेपालीको भविष्य उज्यालो छ।

राष्ट्रिय गार्हस्थ्य उत्पादनको क्षेत्रमा करिब ११ प्रतिशत योगदान  गरेको पर्यटन क्षेत्र ३६ प्रतिशत जिडिपीमा योगदान गर्ने कृषि व्यवसायलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक छ। पछिल्लो दिनहरुमा नेपालमै खेती गरेर मानिसहरुले राम्रो पैसा कमाएको छ। कतिपय विदेश गएकाहरुले पनि नेपालमै आएर कृषि गरेर राम्रो आम्दानी कमाएको छ। पछिल्लो समयमा पनि नेपालमा धेरै पर्यटकहरु आएर घुमेर गएका हुन्। भारतमा धेरै अभिनेताले नेपाल एकदम सुन्दर देश छ। यहाँ प्राकृतिक सुन्दरता पनि उस्तै छ। यदि सरकारले पर्यटन क्षेत्रमा राम्रोसँग लगानी गर्यो भने विभिन्न देशहरुबाट यहाँ मानिसहरु घुम्न आउछन्। नेपालको प्राकृतिक, साँस्कृतिक,पुरातात्त्विक  सम्पदाले विश्वमा नै विशिष्ट र मौलिक पहिचान बोकेका छन्।

निष्कर्षमा यो विषयमा तीन नै तहको सरकारले ध्यान दिनुपर्छ। नेपाललाई कृषि र पर्यटन क्षेत्रमा उठाउन सक्यो भने धेरै युवाहरुले देशमै रोजगारी पाउछन्। नेपालको कृषि  र पर्यटन क्षेत्र अगाडि बढ्यो भने नेपालको विकास एकदम छिटो हुन्छ। सरकारले अब यो दुईवटा क्षेत्रमा आँखा खोलेर ध्यान दिनुपर्छ।

# ‘सामुदायिक वनलाई समृद्धिसँग जोड्नुपर्छ’



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सामुदायिक वनलाई मुलुकको समृद्धितिर जोड्नुपर्ने बताउनुभएको छ ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा एमाले वन तथा वातावरण विभागले आइतबार आयोजना गरेको ‘सामुदायिक वनको अवस्थाः चुनौती र सम्भावना’ विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले सामुदायिक वनबाट समुदायलाई लाभ पुग्नुका साथै मुलुकको समृद्धितर्फ जोड्नुपर्ने धारणा राख्नुभयो ।

“अब सामुदायिक वनले सिङ्गो वनजङ्गललाई संरक्षण गर्दै समृद्धिमा जोड्नुपर्दछ”, उहाँले भन्नुभयो, “सरकार र सामुदायिक वन उपभोक्ता समितिबीचको सहकार्य र समन्वयमा वन सम्पदालाई समृद्ध गर्नुपर्दछ ।” उहाँले प्राकृतिक स्रोतमा राष्ट्रको स्वामित्वमा हुनुपर्ने बताउँदै त्यो स्वामित्वबाट जनताले लाभ पाउनुपर्नेमा जोड दिनुभयो ।

उपमहासचिव ज्ञवालीले सामुदायिक वनमा सरकार र स्थानीय समुदायको स्वामित्वमा सम्झौता नहुने बताउँदै दाउरा र स्याउला बाल्नेलाई विस्तारै बिजुली र ग्यासमा बाल्नेतर्फ रुपान्तरण गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँलेसमुदायिक वनबाटै समुदायलाई आर्थिक रूपमा सशक्त बनाउनुपर्ने भन्दै निजी क्षेत्रसँग साझेदारी गरेर सामुदायिक वनको उत्थानमा लाग्नुपर्ने धारणा राख्नुभयो ।

सामुदायिक वनबाट कार्बन व्यापार गर्न सकिने धारणा राख्दै उहाँले भन्नुभयो, “दाउरा र घाँसपात पाइन्छ भनेर समुदायले वन जोगाएका हुन् । कार्बन व्यापारले संयुक्त राष्ट्रसङ्घबाट प्राप्त हुने पैसा पनि आउँछ भनेर समुदायलाई उत्प्रेरणा दिनसक्नु पर्दछ ।” उहाँले सामुदायिक वनले समुदायको सहभागिता, विश्व वातावरणमा सन्तुलन, नागरिकको जीवनस्तर उकास्ने काम गरेकाले असाधारण योगदान रहेको चर्चा गर्नुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव डा नरेश सुवेदीले सामुदायिक वनका उपभोक्तालाई आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो । “विकसित देशहरू हरेक विषयलाई आर्थिकसँग जोड्ने गरेकाले धनी भएका हुन्”, उहाँले भन्नुभयो, “हिजो स्वयंसेवकका रूपमा समुदायिक वनलाई जोगाउनहरूले अब सशक्त हुँदै आर्थिक रूपमा समृद्ध बन्दै जानुपर्छ ।”

राष्ट्रपति चुरे-तराई संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले सामुदायिक वनलाई संरक्षण गरिसकिएकाले आगामी दिनमा फाइदा लिनुपर्ने बताउनुभयो । उहाँले समुदायलाई लाभान्वित हुनेगरी सामुदायिक वनबाट वस्तु उत्पादनतर्फ समुदायलाई जोड्नुपर्नेमा जोड दिनुभयो ।

सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले समाजवादको प्रवेश बिन्दु सामुदायिक वन भएकाले यसबाट अब उत्पादन हुने कार्य गर्नुपर्ने बताउनुभयो ।

उहाँले सामुदायिक वनमा गरिबीदेखि धनी सबै पर्ने भन्दै समाजवादको आधार सामुदायिक वनको विकास र विस्तार गर्दै जानुपर्ने बताउनुभयो । उहाँले सामुदायिक वनलाई ‘मर्ज’ गर्ने नीति सरकारले ल्याउन लागिएको भन्दै वनलाई मर्ज गर्न नहुने धारणा राख्नुभयो ।

प्रगतिशिल वन प्राविधिक सङ्घमा उपाध्यक्ष मञ्जु घिमिरेले सामुदायिक वनलाई काठ, दाउरा, घाँसका रूपमा नभई आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो । नयाँ शर्मा पौडेलले ‘सामुदायिक वनको अवस्थाः चुनौती र सम्भावना’ विषयमा प्रस्तुतीकरण गर्दै सामुदायिक वनलाई आर्थिक समृद्धिसँग जोड्दै गतिशिल बनाउनुपर्नेमा जोड दिनुभयो ।रासस

> सामुदायिक वनबाट कार्बन व्यापार गर्न सकिने धारणा राख्दै उहाँले भन्नुभयो, “दाउरा र घाँसपात पाइन्छ भनेर समुदायले वन जोगाएका हुन् ।

# सामान्य प्रशासन मन्त्रालयमा ‘गुनासो व्यवस्थापन केन्द्र’

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नागरिकको गुनासो सुन्न र समाधान गर्न ‘गुनासो व्यवस्थापन केन्द्र’ सञ्चालनमा ल्याएको छ । मन्त्रालयले प्रवाह गर्ने सबै प्रकृतिका सेवा र सोको प्रक्रिया एवं नतिजाका सम्बन्धमा सेवाग्राहीका गुनासाको सुनुवाइ तथा समाधान गर्ने इकाईको रुपमा सो केन्द्र सञ्चालनमा ल्याइएको हो ।

सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले गुनासो व्यवस्थापन केन्द्रले सेवाग्राहीलाई तत्काल प्रतिक्रिया दिने र प्रक्रियागत ढिलाइ हटाउनेमा केन्द्रित भएर नयाँ प्रणाली लागू गरिएको जानकारी बताउनुभयो । उहाँले भन्नुभयो, “नागरिकका गुनासा सुन्ने र तत्काल समाधान गर्ने कामलाई अब औपचारिक र प्रणालीगत बनाइयो । यसबाट नागरिकको भरोसा बढ्नेछ ।”

गुनासो व्यवस्थापन केन्द्रले मन्त्रालयको कार्यक्षेत्र र कार्यसम्पादनसँग सम्बन्धित सूचना वा जानकारी दिनुपर्ने वा स्पष्ट गर्नुपर्ने किसिमका गुनासा भए गुनासो सहजकर्ताले तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।

केन्द्रमा रहने कर्मचारीहरुले तत्कालै सम्बोधन गर्न नसक्ने प्रकारको गुनासा भए समाधानका लागि सम्बन्धित शाखामा पठाउने र सम्बन्धित शाखाले तत्काल सम्बोधन गर्न सम्भव हुने गुनासा शाखा प्रमुखबाट तत्कालै सम्बोधन हुनेछ । शाखा प्रमुखले तत्काल सम्बोधन गर्न नसक्ने गुनासा सम्बन्धित महाशाखा प्रमुखसँग छलफल गरी तीन दिनभित्र सम्बोधन गर्ने र सम्बन्धित महाशाखा प्रमुखबाट सम्बोधन हुन नसक्ने प्रकृतिका गुनासा महाशाखा प्रमुखले आवश्यकताअनुसार अन्य महाशाखा प्रमुख र मन्त्रालयका सचिवसँग समन्वय गरी सात दिनभित्र सम्बोधन हुनेछ ।

नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने प्रकृतिका गुनासाहरु




विषयका गुनासाहरु व्यवस्थापन गर्न गुनासो व्यवस्थापन इकाईको रुपमा कार्य गर्नेछ । गुनासो व्यवस्थापन गर्न उपसचिवको नेतृत्वमा कर्मचारी रहने गरी जिम्मेवारी तोकिएको छ ।

केन्द्रले गुनासाहरुको सङ्कलन, वर्गीकरण र सम्बोधन गर्नेछ । केन्द्रमा रहने कर्मचारीहरुले सेवाग्राहीबाट प्राप्त गुनासा अध्ययन र वर्गीकरण गर्नेछन् ।

कुनै निर्धारित विधि र प्रक्रिया पूरा गर्नुनपर्ने सामान्य प्रकृतिका सम्बन्धित महाशाखा प्रमुखको प्रस्तावमा मन्त्रालयको उच्च व्यवस्थापन समूहको वैठकमा छलफल गरी निर्णय भए बमोजिम मन्त्रीस्तरीय निर्णयबाट एक महिनाभित्र सम्बोधन गरिने व्यवस्था मिलाइएको छ ।

गुनासो व्यवस्थापन केन्द्रमा गुनासो सहजकर्ताहरु उपसचिव भुपेन्द्र सापकोटाको संयोजकत्वमा शाखा अधिकृत लोकबहादुर लामा र नायव सुब्बा नवराज पराजुली रहनुभएको मन्त्रालयले जानकारी दिएको छ ।रासस

# भूमि विधेयकका संशोधित दफा अध्ययन गर्न सांसदलाई दुई दिनको समय



काठमाण्डु । भूमि विधेयकका केही दफा स्पष्ट नभएका भन्दै सांसदलाई थप अध्ययनका लागि दुई दिनको समय दिइएको छ ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबारको बैठकले केही बुँदा स्पष्ट नभएको भन्दै सांसदहरूले अध्ययनको समय माग गरेपछि यस विषयमा साउन २७ गते छलफल गर्ने गरी तय भएको सभापति कुसुमदेवी थापाले बताउनुभयो ।

यसअघिको बैठकमा दफा १२ (छ) को स्थानमा अर्को व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई जिम्मेवारी दिएकामा आज बिहानमात्र संशोधित बुँदा समितिमा प्राप्त भएको थियो । समितिको बैठक बस्नु केही समयअघि मात्र प्राप्त भएको संशोधित बुँदा प्रष्ट नभएको भन्दै समय माग गरिएको जनाइएको छ ।

हतारमा दफामा गरिएको संशोधनसम्बन्धी व्यवस्था पारित गर्दा निजामती विधेयकमा ‘कुलिङ अफ पिरियड’ मा जस्तै हुनसक्ने भएकाले नयाँ व्यवस्थाबारे मिहीन अध्ययन गरेर मात्र अघि बढ्नुपर्ने सहमति भएको थियो ।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आरक्षबाट विस्थापित भएकालाई जग्गा दिने गरी कानुन बनाउनुपर्ने बताउनुभयो। उहाँले जग्गा आरक्ष वा राष्ट्रिय निकुञ्जमा परेका तर हालसम्म केही नपाएका पीडितलाई जग्गा व्यवस्थापन गर्ने विधेयकमा व्यवस्था गरिएको जानकारी गराउनुभयो ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भएका धेरै परिवारले जग्गा नपाएको गुनासो मन्त्रालयमा आएकाले त्यस विषयलाई विधेयकले सम्बोधन गर्ने मन्त्री अधिकारीको भनाइ थियो । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट सयौँ व्यक्ति विस्थापित भएका र उनीहरुले हालसम्म जग्गा प्राप्त गर्न नसकेको गुनासो गरेकाले विधेयकमार्फत त्यसलाई सम्बोधन गर्ने गरी व्यवस्था गरिनुपर्ने बताउनुभयो ।

समिति सभापति थापाले आरक्ष र राष्ट्रिय निकुञ्ज पीडितका विषयमा पटकपटक छलफल भएकाले यो समस्या समाधान हुने गरी विधेयकले व्यवस्था गर्ने प्रतिबद्धता जनाउनुभयो ।

बैठकमा सांसदहरु वीरबहादुर बलायर, भानुभक्त जोशी, अशोककुमार चौधरी, बिजुला रायमाझी, शान्ति विक, प्रतिमा गौतम, सरस्वती सुब्बा, सूर्यप्रसाद ढकाललगायतले संशोधन गरिएको बुँदा स्पष्ट नभएको, घुमाउरो भाषाको प्रयोग गरेर दुई खालको अर्थ लगाउन सकिने भएकाले त्यसलाई प्रष्ट पारिनुपर्ने बताउनुभएको थियो ।

बैठकमा भूमि व्यवस्था मन्त्रालयका सचिव केदारनाथ शर्मा, कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्याल र समिति सचिव शिवदत्त बराललगायतले सांसदको भनाइअनुसार नै दफा संशोधनको प्रस्ताव गरिएको, प्रस्तावलाई अन्तिम रूप दिने काम सांसद र संसदीय समितिको नै भएकाले त्यसैअनुसार बनाइनुपर्ने धारणा राख्नुभएको थियो ।रासस

# सरकारमा जाने विषय हाम्रो प्राथमिकतामा छैनः अध्यक्ष दाहाल




चितवन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सरकारमा जाने विषय आफूहरूको प्राथमिकतामा नरहेको बताउनुभएको छ ।

आइतबार पत्रकारसँग कुराकानी गर्दै उहाँले सरकारले गरेका कामको विरोध गर्दा माओवादीलाई सरकार चाहिएको जसरी अर्थ्याउन खोजिएको भन्दै अहिले नै सरकारमा जाने कुनै सोच नरहेको उहाँको भनाइ थियो । सरकार परिवर्तनका विषयमा सोधिएको प्रश्नमा अध्यक्ष प्रचण्डले भन्नुभयो, “यो सरकारले राम्रो काम गरिरहेको छैन । त्यस विषयमा कुरा उठाउँदा सरकार चाहिएको जसरी बुझ्नु हुँदैन । हामीलाई सरकार चाहिएको छैन । त्यस विषयमा हामीले कुनै चासो राखेका छैनौँ ।”

माओवादी केन्द्रले भदौ तेस्रो साताबाट विगतमा स्थगन भएको अभियानलाई पुनः सुरु गर्ने र त्यसपछि पुनः केन्द्रीय समितिको बैठक बसेर नयाँ एजेण्डासहित अघि बढ्ने उहाँको भनाइ थियो । “त्यसैले हाल सरकारभन्दा जनताका कुरा सुन्नतर्फ पार्टीलाई केन्द्रित गरिरहेका छौँ । जनताको गुनासो र ती गुनासा समाधानका लागि अभियान पुनः सञ्चालन गर्न लागिएको हो”, अध्यक्ष दाहालले भन्नुभयो । रासस

# लैङ्गिक समानताले समाज सम्मानित, सुरक्षित र समावेशी बन्छः सभापति देउवा

पाटन । नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लैङ्गिक संवेदनशीलता कुनै विशेष वर्गको मात्र मुद्दा नभएको धारणा राख्नुभएको छ ।

नेपाली कांग्रेसको आयोजनामा पार्टीको केन्द्रीय कार्यालय सानेपामा आइतबार आयोजित लैङ्गिक संवेदनशीलतासम्बन्धी कार्यशाला गोष्ठीमा सभापति देउवाले लैङ्गिक समानताका विषयमा संवेदनशील बन्ने हो भने मात्र सम्मानित, सुरक्षित र समावेशी समाज निर्माण गर्न सकिने बताउनुभयो ।

“लैङ्गिक संवेदनशीलता कुनै विशेष वर्गको मात्र मुद्दा होइन, यो समग्र सामाजिक रूपान्तरणको एक महत्वपूर्ण विषय पनि हो, हामी सबै यो विषयमा संवेदनशील बन्ने हो भने मात्र सम्मानित, सुरक्षित र समावेशी समाज निर्माण गर्न सक्छौं भन्ने हाम्रो दृढ विश्वास छ, लैङ्गिक संवेदनशीलतासँग सम्बन्धित विचार र सुझावलाई सहकार्य र समन्वयमार्फत कार्यान्वयनमा लैजान पार्टीले आवश्यक पहल गर्नेछ”, सभापति देउवाले भन्नुभयो ।

सोसल डेमोक्रेसीको सञ्जालसँग विभिन्न देशका सामाजिक लोकतान्त्रिक राजनीतिक दलहरू आवद्ध रहेको उल्लेख गर्नुहुँदै सभापति देउवाले यस सञ्जालले एसियाली क्षेत्रको समसामयिक राजनीतिक, आर्थिक र सामाजिक बहसलाई गहिरो र फराकिलो बनाउँदै आएको बताउनुभयो ।

उहाँले सोसल डेमोक्रेसीले विकास, समानता र न्यायमा आधारित समावेशी नीति निर्माणका लागि एउटा सशक्त प्लेटफर्मको रुपमा काम गर्दै आएको बताउनुभयो ।

त्यस अवसरमा सभापति देउवाले नेपाली कांग्रेसकी नेतृ, नेपाल महिला सङ्घकी संस्थापक अध्यक्ष स्वर्गीय मंङ्गलादेवी सिंहलाई स्मरण गर्नुभयो । “विसं २००४ मा भएको पहिलो नगर परिषद्को निर्वाचनमा महिलाहरुको मताधिकार हकका लागि उहाँले आन्दोलन गर्नुभएको थियो”, उहाँले भन्नुभयो । पार्टीका सहमहामन्त्री भीष्मराज




आङ्दम्बेले नेपाली समाजको चेनताको स्तर उच्च रहेको भन्दै लैङ्गिक समानतालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । पार्टीका सहमहामन्त्री महालक्ष्मी उपाध्यायले लैङ्गिक समानता महिलाको मात्रै नभै सामाजिक रुपमा पछाडि पारिएका व्यक्ति तथा समुदायहरुको समेतको सरोकारको बिषय रहेको बताउनुभयो ।

कांग्रेस सहमहामन्त्री जीवन परियारले विश्वभरिनै महिलाहरूको अधिकारका विषयमा केन्द्रित भएर महिलामाथि भएको अन्याय, अपमानबाट आन्दोलनको कुरा उठेको चर्चा गर्नुभयो । उहाँले नेपालका महिला, दलित, सुकुम्बासी, थारुलगायतको विषयमा नेपाली कांग्रेस सचेत रहेको उल्लेख गर्नुभयो । जनता समाजवादी पार्टीका विदेश विभाग प्रमुख अर्जुन थापाले लोककल्याणकारी राज्य स्थापनाका लागि स्थानीयदेखि केन्द्रीय तहको नेतृत्वसम्म महिलाको सहभागिता अभिबृद्धि हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य ईश्वरी न्यौपानेले नेपाली समुदाय महिला र कमजोर वर्ग, समुदायप्रति असंवेदनशील हुँदै गइरहेको उल्लेख गर्नुभयो । उहाँले महिला र पुरुषलाई समान रुपले हेर्ने मनस्थिति हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल महिला सङ्घको अध्यक्ष उषा मिश्र राउतले लैङ्गिक समानताका विषयमा समाजलाई जागरुक बनाउन आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेस र स्थानीय राजनीतिमा महिलाहरूको सहभागितालाई नेतृत्वदायी भूमिकामा स्थापित गर्न र महिलाहरूको क्षमता अभिबृद्धि गर्न सातै प्रदेशका स्थानीय तहमा समेत गएर गोष्ठी सञ्चालन गर्ने जानकारी गराइएको छ ।रासस

# दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति चाँडै घोषणा हुन्छः मन्त्री चौधरी

पाँचथर । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति चाँडै घोषणा हुने बताउनुभएको छ ।

प्रतियोगिता सञ्चालनका लागि सबै पक्षसँग छलफल चलिरहेको उल्लेख गर्दै उहाँले अब भने परिवर्तन नहुने गरी प्रतियोगिताको मिति तय गरिने बताउनुभयो ।

आइतबार पाँचथरको फिदिममा जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री चौधरीले सुर्खेतमा आयोजना हुने प्रतियोगिता सञ्चालनका लागि कर्णाली प्रदेश सरकारसँग छलफल चलिरहेको जानकारी गराउनुभयो । “प्रतियोगिता सञ्चालनको मुख्य जिम्मेवारी प्रदेश सरकारको भएकाले मुख्यमन्त्रीसहित सबै सरोकारवालासँग




छलफल चलाइरहेका छौं”, मन्त्री चौधरीले भन्नुभयो, “यसमा प्रधानमन्त्रीज्यूको पनि चासो रहेकाले चाँडै परिवर्तन तय गर्छौं ।”

मन्त्री चौधरीले नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करण सञ्चालनमा भएका वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय पक्षको अध्ययन गरी छानबिन गर्न एक समिति गठन गर्ने पनि जानकारी दिनुभयो । “प्रतियोगिता सञ्चालन गर्दा मौजुदा कानुनको अधिनमा रहेर काम गर्न सबै पक्षलाई हामीले आग्रह गर्दै आएका छौं”, मन्त्री चौधरीले भन्नुभयो, “नियमनको जिम्मेवारी मन्त्रालयकै भएको हुँदा कानुनको अधिनमा रहेर एनपिएल सम्पन्न गर्न मन्त्रालयले सहयोग गर्नेछ ।”

मन्त्री चौधरीले खेलकुदका संरचना निर्माणका लागि निकै कम मात्रै जग्गा प्राप्त नहुने अवस्था रहेको र प्राप्त जग्गामा संरचना निर्माण गर्न बजेट अभाव हुने गरेको वताउनुभयो । “आगामी दिनमा स्थानीय तहले पनि जग्गाको प्रबन्ध गर्नुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो, “अहिले प्राप्त भएका जग्गामध्ये करिब ७० प्रतिशतमा खेलकुदका संरचना निर्माण भइरहेका छन् ।”

मन्त्री चौधरीले युवा तथा खेलकुद मन्त्रालयले प्रदेश र स्थानीय तहलाई खेलकुदका कर्मचारी पठाउने तयारी गरेको जानकारी दिनुभयो । यसका लागि मन्त्रालयले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिरहेको र उक्त काम भदौभित्र सम्पन्न हुने उहाँको भनाइ छ ।

मन्त्री चौधरीले अलपत्र बनेको फिदिम रङ्गशाला निर्माणका लागि बजेटको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । फिदिम रङ्गशाला निर्माण बहुवर्षीय ठेक्कामा नपर्दा बजेट अभाव हुने गरेको उल्लेख गर्दै उहाँले चालु आर्थिक वर्षदेखि बजेट अभाव हुन नदिने र बहुवर्षीय ठेक्कामा रुपान्तरण गर्ने वताउनुभयो । रासस

# कोशी प्रदेशसभाः विधेयक सर्वसम्मतले पारित

विराटनगर । कोशी प्रदेशसभाको आइतबारको बैठकमा ‘योगदानमूलक निवृत्तभरण कोष स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ सर्वसम्मतले पारित भएको छ ।

कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो । उक्त विधेयकलाई सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेपछि विधेयक सर्वसम्मतले पारित भएको हो ।

विधेयकमा कोशी प्रदेशसभा सदस्य रमेशकुमार बस्नेत र शोभा चेम्जोङले संशोधन प्रस्ताव राख्नुभएको थियो । प्रदेशसभा सदस्य बस्नेतले संशोधन प्रस्ताव अस्वीकार भएको थियो भने प्रदेशसभा सदस्य चेम्जोङले प्रस्ताव फिर्ता लिनुभएको थियो ।

आइतबारको बैठकमा ‘कोशी प्रदेशमा सरकार कामकाजको भाषा सम्बन्धममा व्यवस्था गर्न बनेको विधेयक’ सदनमा टेबुल भएको छ । रासस

# ट्रम्प-पुटिन शिखर सम्मेलनअघि रुसमाथि थप 'दबाब' दिन युरोपेली नेताहरूको आग्रह

एएफपी

किएभ । युक्रेनमा जारी युद्ध अन्त्यका लागि ट्रम्प र पुटिनबीचको शिखर वार्ताको घोषणापछि युरोपेली नेताहरूले शनिबार रातभर रुसमाथि थप ' दबाब' सिर्जना गर्न आग्रह गरेका छन् ।

तीन वर्षदेखि जारी द्वन्द्व समाधानका लागि युक्रेन र युरोपबाट किएभलाई वार्तामा सहभागी गराइनुपर्ने बतएको भएपनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनलगायत बिषयमा वार्ता गर्ने यही शुक्रबार अलास्कामा भेटवार्ता गर्ने भएका छन् ।

गत हप्ता शिखर सम्मेलनको घोषणा गर्दै ट्रम्पले भन्नुभएको थियो, "दुवै पक्षको भलाइका लागि केही क्षेत्रहरू आदानप्रदान गरिनेछ।" यद्यपि यस भनाइबारे प्रतिक्रिया दिँदै युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनले शान्ति स्थापनाका लागि रुसलाई जमिन नदिने बताउनुभएको छ । "युक्रेनीहरूले कब्जा गर्नेलाई आफ्नो भूमि दिने सहमति गर्ने छैनन्," उहाँले सामाजिक सञ्जालमा भन्नुभएको छ ।

"युक्रेनको अनुपस्थितिमा हाम्राबारे कुनै पनि निर्णय शान्तिविरोधी निर्णय हुन्," उहाँले भन्नुभयो ।

जेलेन्स्कीले बेलायतका प्रधानमन्त्री केइर स्टार्मरसँगको टेलिफोन वार्ताका क्रममा युक्रेनका मित्रराष्ट्रलाई दिगो शान्ति प्राप्तिका लागि 'स्पष्ट कदम' चाल्न आग्रह गरेका छन् ।युरोपेली नेताहरूले शनिबार र आइतबार राति एक संयुक्त वक्तव्य जारी गर्दै भनेका छन्, "सक्रिय कूटनीति, युक्रेनलाई समर्थन र अवैध युद्ध अन्त्यका लागि रुसी सङ्घमाथि दबाब दिने दृष्टिकोण मात्र सफल हुन सक्छ ।

उनीहरूले ट्रम्पको प्रयासको स्वागत गर्दै युक्रेनलाई समर्थन कायम राखेर र रुसविरुद्ध प्रतिबन्धात्मक कदमहरू लागू गरेर कूटनीतिक रूपमा सहयोग गर्न तयार रहेको बताएका थिए।इयू आयोगका प्रमुख उर्सुला भोन डेर लेयेन र फ्रान्स, जर्मनी, इटाली, पोल्याण्ड, बेलायत, फिनल्याण्ड नेताहरूद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, "वर्तमान सम्पर्क लाइन वार्ताको प्रारम्भिक बिन्दु हुनुपर्दछ।

उनीहरूले प्रस्तावले युक्रेन र युरोपको महत्वपूर्ण सुरक्षा हितको रक्षा गर्नुपर्ने बताएका छन् । उनीहरूले 'बलियो र विश्वसनीय सुरक्षा ग्यारेन्टीको आवश्यकतामा जोड दिएका छन् । युक्रेनलाई आफ्नो सार्वभौमिकता र क्षेत्रीय अखण्डताको प्रभावकारी रक्षा गर्न सक्षम बनाउँछ।"युक्रेनबिना युक्रेनमा शान्तिको बाटो तय गर्न सकिँदैन," विज्ञप्तिमा भनिएको छ ।

पुटिन-ट्रम्प शिखर सम्मेलनअघि किएभका सहयोगी राष्ट्रहरु संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र बेलायतका राष्ट्रिय सुरक्षा सल्लाहकारहरु शनिबार बेलायतमा भेला भएका थिए ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले जेलेन्स्की, स्टार्मर र जर्मन चान्सलर फ्रेडरिक मर्जसँगको टेलिफोन वार्तापछि 'युक्रेनीबिना युक्रेनको भविष्य तय गर्न नसकिने' र वार्तामा युरोप पनि सहभागी हुनुपर्ने बताउनुभएको थियो । शनिबार साँझको सम्बोधनमा जेलेन्स्कीले भन्नुभयो, "यो युद्धको इमानदारीपूर्वक अन्त्य हुनैपर्छ र रूसलेसुरु गरेको युद्ध अन्त्य गर्ने उसैको हो।"

-सम्मानजनक शान्ति -

रुस र युक्रेनबीच यस वर्ष भएको तीन चरणको वार्ता सफल हुन सकेको छैन ।रुसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेयता दशौँ हजार मानिसको ज्यान गइसकेको छ भने लाखौं मानिस आफ्नो घर छोड्न बाध्य भएका छन् ।विगत २५ वर्षदेखि रुसमा नेतृत्वमा रहनुभएका केजीबीका पूर्व अधिकारी पुटिनले जेलेन्स्कीसँग वार्ता गर्न अस्वीकार गर्नुभएको छ ।

युक्रेनका नेताले त्रिपक्षीय शिखर सम्मेलनका लागि जोड दिँदै आएका छन् र जेलेन्स्की पुटिनबीच भेटवार्ता हुनु नै शान्तिको दिशामा अघि बढ्ने एक मात्र उपाय भएको तर्क गर्दै आएका छन् ।

सन् १८६७ मा रुसले अमेरिकालाई बेचेको सुदूर उत्तरी क्षेत्र अलास्कामा हुने शिखर सम्मेलन सन् २०२१ को जुनमा जेनेभामा जो बाइडेनले पुटिनलाई भेटेपछि अमेरिका र रुसी राष्ट्रपतिबीच पहिलो शिखर वार्ता हुनेछ ।

बाइडेनले पुटिनबीस्चको नौ महिनापछि मस्कोले युक्रेनमा सेना पठाएको थियो ।जेलेन्स्कीले उक्त स्थानको बारेमा भन्नुभयो, "यो युद्धबाट धेरै टाढा छ, जुन हाम्रो भूमिमा, हाम्रा जनताविरुद्ध चलिरहेको छ।"क्रेमलिनले यो छनौट 'तार्किक' भएको बताएको छ किनभने आर्कटिकको नजिकको राज्य दुई देशबीचको सीमामा छ र यहीँबाट उनीहरूको 'आर्थिक स्वार्थ एकआपसमा जोडिएको' छ ।

मस्कोले पनि ट्रम्पलाई रुस भ्रमणका लागि निमन्त्रणा दिएको छ ।ट्रम्प र पुटिन पछिल्लो पटक सन् २०१९ मा ट्रम्पको पहिलो कार्यकालमा जापानमा भएको जी-२० शिखर सम्मेलनमा सँगै बसेका थिए । जनवरीयता उनीहरूबीच धेरै पटक टेलिफोनमा कुराकानी भएको छ, तर ट्रम्पले युक्रेनमा शान्ति स्थापनाका लागि मध्यस्थता गर्न असफल हुनुभएको छ ।



# जर्मन चान्सलर मर्जका पहिलो १०० दिन, आन्तरिक कलह व्यवस्थापनमा व्यस्त



एएफपी

बर्लिन । जर्मन चान्सलर फ्रेडरिक मर्जले आफ्नो कार्यकालको पहिलो १०० दिनमा सुरक्षा, आर्थिक र आप्रवासन नीतिमा व्यापक परिवर्तन गर्नुभएको छ ।

फेब्रुअरीमा निर्वाचित भएपछि हर्षित हुँदै चान्सलर मर्जले गर्वसाथ गरेको पोस्टमा भनिएको थियो, "जर्मनी फर्केको छ।"

६९ वर्षको उमेरमा युरोपको शीर्ष अर्थतन्त्र सञ्चालन गर्ने आफ्नो जीवनको महत्वाकाङ्क्षा हासिल गरेपछि मर्जले मुख्यतः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा फैलिएको ट्रान्साटलांटिक अशान्तिको प्रतिक्रियामा जर्मनीको नीतिमा व्यापक परिवर्तनको घोषणा गर्नुभएको थियो ।

पूर्ववर्ती ओलाफ स्कोल्जको नेतृत्वमा तीन कमजोर वर्षहरू पार गरेको भन्दै उहाँले भन्नुभयो, "आगामी दिनमा मेरो नेतृत्व जर्मनीको अर्थव्यवस्था, सेना र बर्लिनको अन्तर्राष्ट्रिय प्रतिष्ठालाई पुनर्जीवित गर्नमा व्यतित हुनेछ ।"

पदभार ग्रहण गर्नुअघि नै मर्जको क्रिश्चियन डेमोक्र्याट्स (सीडीयू/सीएसयू) र स्कोल्जको सोसल डेमोक्रयाटिक पार्टी (एसपीडी) का गठबन्धन सहयोगीले ऋण नियमहरू खुकुलो पारेका थिए र जर्मनीको सशस्त्र सेना र यसको ध्वस्त पूर्वाधारका लागि सयौं अर्ब युरो बजेटको घोषणा गरिसकेका थिए ।मर्जले शत्रुतापूर्ण रूसको सामना गर्दै 'युरोपको सबैभन्दा ठूलो परम्परागत सेना' निर्माण गर्ने र पेरिस र लण्डनसँग लकस्टेपमा युक्रेनको लागि बलियो समर्थन कायम राख्ने प्रतिज्ञा गर्नुभयो ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग ओभल अफिसमा भएको विवादको केही हप्तापछि गत जुनमा ह्वाइट हाउसमा भएको बैठकमा मर्जले नेटोको खर्च बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । यो अवधिमा इजरायलले इरानी लक्ष्यहरूमा बमबारी गऱ्यो भने मर्जले बलियो र प्रायः विवादास्पद छोटो टिप्पणीमा इजरायलको ' गलत अभियाना' को प्रशंसा गर्नुभयो । तर गत शुक्रबार उहाँले गाजा अभियानको लागि इजरायललाई हतियार निर्यात मा रोक लगाउने साहसिक कदम उठाउनुभएको छ ।

### आप्रबासन नियन्त्रण

घरेलु मोर्चामा मर्जले अनियमित आप्रवासनमाथि कडा कदम चाल्नुभएको छ यो उहाँको लामो समयदेखिको पार्टी प्रतिद्वन्द्वी एन्जेला मर्केलको मध्यमार्गी मार्गबाट तीव्र विचलन हो।

उहाँले गत फेब्रुअरीमा भएको निर्वाचनमा २० प्रतिशत मत प्राप्त गरेको अति दक्षिणपन्थी अल्टरनेटिभ फर जर्मनी (एएफडी) पार्टीको उदय रोक्न आप्रवासनसम्बन्धी मतदाताको चिन्तालाई सम्बोधन गर्नुपर्ने बताउनुभएको थियो ।

विश्वव्यापी घटनाबारे आएका मर्जले व्यापक चासो दिँदा उहाँले स्वदेशमा ' विदेशी चान्सलर' को उपनाम कमाउनुपरेको छ । उहाँले घर (स्वदेश) मा नै लुकेको समस्यासँगै जुध्नुपरेको छ । जर्मनीमा उहाँ एसपीडी सहयोगीहरूले प्रायः छाँयामा परेको वा किनारा महसुस गरेका छन्।

तिनीहरूमध्ये धेरैका लागि, मर्जको दक्षिणपन्थी स्थितिहरू एसपीडीको १६ प्रतिशतको निराशाजनक चुनावी परिणाम पछि प्रेम र प्रतिबद्धताबाहेक अन्य कारणहरूका लागि सम्झौता गरिएको 'सुविधाको विवाह' का लागि प्रवेश गरेको उक्त दलका लागि 'निल्नु न ओकेल्नु' को अवस्थामा रहेको छ ।

जर्मन मतदाताहरू अझै पनि मर्जको प्रेममा परेका छैनन्। सार्वजनिक प्रसारक एआरडीले हालै गरेको सर्वेक्षणमा उहाँको व्यक्तिगत ख्यातिको अनुमोदन दर १० अङ्कले घटेर ३२ प्रतिशतमा झरेको छ ।

### न्यायाधीश विवाद

मे ६ मा भएको गोप्य मतदानको पहिलो चरणमा विद्रोही सांसदहरूले उहाँको विरोध गरेपछि मे ६ मा मर्जको सपथ ग्रहण साहसिक तर अनिश्चित यात्रामा परिणत भएको थियो । फलतः उहाँले पहिलो चरणमा चुनिन सक्नुभएन । पराजयले वाम-दक्षिणपन्थी गठबन्धनमा बढ्दो आक्रोशलाई सङ्केत गरेको थियो यद्यपि दोस्रो चरणमा उहाँको विजय भएको थियो ।

आप्रवासनसम्बन्धी उहाँको कडा अडान, सामाजिक कल्याणलाई कम गर्ने प्रतिज्ञा र जलवायु संरक्षणका लागिसीमित उत्साहलाई धेरैले आलोचना गरेका छन्।

मर्जले संसद भवनमा एलजिबिटिक्यू इन्द्रेणी झण्डा फहराउने योजनालाई अस्वीकार गर्दै आलोचकले रिचस्टाग 'सर्कस टेन्ट' नभएको भन्दै उहाँको योजनाको विरोध भयो ।

गठबन्धनको सबैभन्दा ठूलो सङ्कट गत महिना जर्मनीको सर्वोच्च अदालतमा तीन जना नयाँ न्यायाधीशको मनोनयनको नियमित संसदीय कार्यबाट सुरु भएको थियो ।दक्षिणपन्थी अनलाइन मिडियाले एसपीडीका उम्मेदवार फ्राउक ब्रोसियस-गेर्सडोर्फविरुद्ध कडा अभियान चलाएका थिए र उहाँलाई गर्भपतन र अन्य मुद्दाहरूमा बामपन्थी एजेन्डा बोकेको आरोप लागेको छ ।

सीडीयू/सीएसयूले उहाँलाई दिएको समर्थन फिर्ता लिए र मतदान स्थगित गरे । यसले एसपीडी क्रोधलाई बढावा दियो । ब्रोसियस गेर्सडोर्फले बिहीबार आफ्नो उम्मेदवारी फिर्ता नलिएसम्म यो मुद्दा चर्किने देखिएको थियो ।

### निकै बढी तर्क

सीडीयूको 'बवेरियन' भ्रातृ पार्टीले युक्रेनी शरणार्थीहरूको लागि सामाजिक लाभमा तीव्र कटौतीको माग गरेपछि उहाँको नेतृत्वलाई अर्को समस्या उत्पन्न भएको छ । एसपीडीले यसको विरोध गर्दछ।

एसपीडीका भाइस चान्सलर लार्स क्लिङबेलले कन्जरभेटिभहरूलाई थप उक्साहटबाट जोगिन चेतावनी दिँदै वेल्ट टिभीसँग भन्नुभयो, "हामीसँग पहिले नै यस सरकारबारे धेरै तर्कहरू छन्।"

दुवै गठबन्धन साझेदारहरूलाई थाहा छ कि कलहले स्कोल्जको तीन दलीय गठबन्धनलाई तल झारेपछि र उनीहरूको साझा शत्रु एएफडीको हातमा चल्ने भएपछिको खुला झगडाले मतदाताहरूलाई विकर्षित गर्नेछ।अहिलेका लागि नसुल्झिएका मुद्दाहरू छोड्दै मर्ज र अधिकांश अन्य राजनीतिज्ञहरू ग्रीष्मकालीन बिदा मनाइरहेका छन् ।

कासेल युनिभर्सिटीका वुल्फगाङ श्रोएडरले आगामी दिनमा सत्ता समीकरणलाई सन्तुलित राख्न मर्जले सानातिना कुरालाई ध्यान दिएर सावधानीसाथ अघिबढ्नुपर्ने बताउनुभयो । "चान्सलरको मनोवृत्ति सानो कुरालाई ध्यान नदिने र ठूलो र दीर्घकालीन बिषयका बारेमा मात्र सोच्ने रहेको छ ।

# एनपीएल अक्सनबाट आठ टोलीले ३७ खेलाडी छाने




काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणका लागि भएको मिनी अक्सनबाट आठ टोलीले ३७ खेलाडी छानेका छन् । अक्सनका लागि छनोट गरिएका १६४ खेलाडीबाट ३७ खेलाडी अनुबन्ध भएका हुन् ।

अक्सनमा आठ टोलीले पहिलो चरणमा २६ खेलाडी अनुबन्ध गरेका थिए । पहिलो चरणमा अनुबन्ध नगरिएका बाँकी ११ खेलाडी 'विस लिस्ट'बाट छानिएका हुन् । 'ए' श्रेणीका चार खेलाडीलाई जनही रु १५ लाखमा खरिद गरिएको छ । दोस्रो संस्करणका लागि सबैभन्दा बढी मूल्यमा देव खनाल, अर्जुन साउद, आदिल आलम र पवन सर्राफलाई खरिद गरिएको छ। देव र अर्जुनले चितवन राइनोजबाट, आदिलले काठमाण्डू गोर्खाजबाट र पवनले कर्णाली याक्सबाट खेल्ने तय भएको छ । चारै खेलाडीलाई एउटाभन्दा बढी टोलीले भित्र्याउन खाजेबाट ' लक्की ड्र' मार्फत निर्णय गरिएको थियो ।

यसैगरी दिलीप नाथ र शेर मल्ललाई लुम्बिनी लायन्सले, हेमन्त धामीलाई सूदुरपश्चिम रोयल्सले, सूर्य तामाङलाई विराटनगर किङ्ग्सले, सन्तोष यादवलाई काठमाण्डू गोर्खाजले र युवराज खत्रीलाई कर्णाली याक्सले जनही रु १० लाखमा अनुबन्ध गरेको छ ।

यस्तै मयन यादवलाई जनकपुर वोल्टस्ले रु ७ लाख ७५ हजारमा तथा आकाश त्रिपाठीलाई काठमाण्डू गोर्खाजले रु ७ लाखमा अनुबन्ध गरेको छ । यसैगरी शङ्कर राना, नारायण जोशी र साहिल पटेललाई विराटनगर किङ्ग्सले, अर्जुन कुमाललाई पोखरा एभेन्जर्सले, विशाल पटेल र दुर्गेश गुप्तालाई लुम्बिनी लायन्सले, आदित्य महता र विकास आग्रीलाई जनकपुर बोल्टसले, विपिन रावललाई चितवन राइनोजले तथा दिपक बोहरा र मिलन बोहरालाई सुदुरपश्चिम रोयल्सले जनही रु ५ लाखमा अनुबन्ध गरेको छ ।

उत्तम थापा मगरलाई काठामण्डु गोर्खाजलेरु रु ३ लाखमा अनुबन्ध गरेको छ ।

यसैगरी टेकबहादुर रावत र दीपेन्द्र थापालाई सुदुरपश्चिम रोयल्सले, सन्दीप खत्री क्षेत्री, अभिषेखतिवारीरकृष्णपौडेललाई पोखरा एभेन्जर्सले, सचिन भट्टलाई जनकपुर बोल्टसले, तुलबहादुर थापालाई काठमाण्डू गोर्खाजले, इमरान शेख र दीपक डुम्रेलाई कर्णाली याक्सले, लुम्बिनी लायन्सले आदिल खानलाई, विराटनगर किङ्गसले श्रवण किश्कुलाई तथा चितवन राइनोजले विपिन आचार्य र रञ्जित कुमारलाई जनही रु दुई लाखमा अनुबन्ध गरेको छ ।

एनपीएलको शनिबारको मिनी अक्सनमा १५० खेलाडीले भाग लिएका थिए । दर्ता भएका ४५८ खेलाडीबाट १५० जनालाई मिनी अक्सनका लागि छनोट गरिएको थियो । अक्सनमा 'ए' श्रेणीको न्यूनतम रु १० लाख र अधिकतम रु १५ लाख, ' बी' श्रेणीको न्यूनतम रु ५ लाख र अधिकतम रु १० लाख तथा 'सी' श्रेणीको न्यूनतम रु २ लाख र अधिकतम रु ५ लाख मूल्य राखिएको थियो । योसँगै आठ टोलीमा ८८ खेलाडी आबद्ध भएका छन् । प्रत्येक टोलीमा ११-११ नेपाली खेलाडी छनोट भएसँगै अब आठवटै टोलीले कम्तिमा चार विदेशी खेलाडी अनुबन्ध गर्नेछन् ।

### आठवटै टोलीको खेलाडी सूची

जनकपुर बोल्ट्स : आसिफ शेख (मार्की खेलाडी), अनिलकुमार साह, शुभ कङ्साकार, किशोर महतो, ललितनारायण राजवंशी, तुलबहादुर थापामगर, रुपेश सिंह, सचिन भट्ट, आदित्य महता, मयन यादव र विकाश आग्री ।

सुदूरपश्चिम रोयल्स : दिपेन्द्रसिंह ऐरी (मार्की खेलाडी), विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, ईशान पाण्डे, नरेन साउद, हेमन्त धामी, टेकबहादुर रावत, दिपेश थापा, दिपक बोहरा र मिलन बोहरा ।

कर्णाली याक्स : सोमपाल कामी (मार्की खेलाडी), गुल्शन झा, नन्दन यादव, अर्जुन घर्ती, दिपेन्द्र रावत, बिपिनप्रसाद शर्मा, युनिशविक्रमसिंह ठकुरी, पवन सर्राफ, इमरान शेख, दीपक डुम्रे र युवराज खत्री ।

चितवन राइनोज : कुशल मल्ल (मार्की खेलाडी), रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहरा, अमरसिंह राउटेला, गौतम केसी, देव खनाल, अर्जुन साउद, बिपिन रावल, बिपिन आचार्य र रन्जित कुमार ।

काठमाण्डु गोर्खाज : करण केसी (मार्की खेलाडी), भीम सार्की, दिपेश कँडेल, शाहब आलम, प्रतिक श्रेष्ठ, राशिद खान, उत्तम थापा मगर, तुलबहादुर थापा, सन्तोष यादव, आकाश त्रिपाठी र आदिल आलम ।

विराटनगर किङ्स : सन्दीप लामिछाने (मार्की खेलाडी), लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट, सुवास भण्डारी, सूर्य तामाङ, साहिल पटेल, नारायण जोशी, श्रवण किस्कु र शङ्कर राना ।

पोखरा एभेन्जर्स : कुशल भुर्तेल (मार्की खेलाडी), दिनेश खरेल, बिपिन खत्री, सागर ढकाल, किरण ठगुन्ना, आकाश चन्द, तृतराज दास, अभिषेक तिवारी, अर्जुन कुमाल, कृष्ण पौडेल र सन्दीप खत्री क्षेत्री ।

लुम्बिनी लायन्स : रोहित पौडेल (मार्की खेलाडी), सन्दीप जोरा, विवेक यादव, तिलकराज भण्डारी, अभिशेष गौतम, दिनेश अधिकारी, दिलिप नाथ, विशाल पटेल, शेर मल्ल, दुर्गेश गुप्ता र आदिल खान ।

शनिबार सम्पन्न अक्सनमा खेलाडीमाथि सबैभन्दा धेरै खर्च चितवन राइनोजले तथा कम पोखरा एभेन्जर्सले गरेको छ । चितवनले रु ३९ लाख, काठमाडौँले रु ३७ लाख, लुम्बिनीले रु ३२ लाख, कर्णालीले रु २९ लाख, विराटनगरले रु २७ लाख, सुदूरपश्चिमले रु २४ लाख, जनकपुरले रु १९ लाख ७५ हजार तथा पोखराले रु ११ लाख खर्च गरेको छ ।रासस

# बङ्गलादेशले फेब्रुअरी चुनावका लागि ४० हजार बडी क्याम किन्ने

एएनआई

ढाका । बङ्गलादेशको अन्तरिम सरकारले फेब्रुअरीमा हुने आगामी आम निर्वाचनको समयमा मतदान केन्द्रहरूमा सुरक्षा बढाउनका लागि प्रहरीका लागि कम्तीमा ४० हजार शरीरमा लगाउने क्यामेरा खरिद गर्ने योजना बनाएको छ ।

मुख्य सल्लाहकार मुहम्मद युनुसको अध्यक्षतामा शनिबार ढाकाको स्टेट गेस्ट हाउस जमुनामा भएको उच्चस्तरीय बैठकमा यस कदममाथि छलफल भएको थियो । बैठकमा गृहमन्त्रीका सल्लाहकार लेफ्टिनेन्ट जनरल (सेवानिवृत्त) जहाँगीर आलम चौधरी, मुख्य सल्लाहकारका विशेष सहायक खुदा बख्श चौधरी र फैज तैयब अहमद उपस्थित हुनुहुन्थ्यो ।

सामान्यतया बडी क्याम भनेर चिनिने ४० हजार बडी क्यामेराको खरिद प्रक्रिया अन्तिम चरणमा रहेको फैज तैयब अहमदले बताउनुभयो । उपकरणहरूले हजारौँ असुरक्षित मतदान केन्द्रहरूमा सुरक्षा बलियो बनाउने कुरामा उहाँले जोड दिनुभयो ।

"हामीले अक्टोबरसम्ममा बडी क्यामहरू खरिद गर्ने लक्ष्य राखेका छौं ताकि प्रहरी अधिकारीहरूले एआई क्षमताहरू लगायत उनीहरूको प्रमुख सुविधाहरूमा पर्याप्त प्रशिक्षण प्राप्त गर्न सकून्", उहाँले भन्नुभयो ।बङ्गलादेशका अधिकारीहरूले क्यामेराहरू आपूर्ति गर्न जर्मनी, चीन र थाइल्यान्डका तीनवटा कम्पनीसँग सम्पर्क गरेका छन् । प्रहरी अधिकारी र कन्स्टेबलहरूले चुनावी ड्युटीमा हुँदा आफ्नो छातीमा उपकरणहरू लगाउनेछन् ।

प्रमुख सल्लाहकार युनुसले अधिकारीहरूलाई खरिद प्रक्रियालाई तीव्रता दिन र हजारौँ प्रहरी कर्मचारीको उचित प्रशिक्षण सुनिश्चित गर्न निर्देशन दिनुभयो ।"हामीले सबै मतदान केन्द्रमा पूर्ण सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ, चाहे कुनै पनि खर्च होस् । हाम्रो लक्ष्य फेब्रुअरीको चुनावलाई देशको इतिहासमा सबैभन्दा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण बनाउनु हो", उहाँले भन्नुभयो ।

बैठकमा मुख्य सल्लाहकारको दूरसञ्चार तथा आइसिटी मामिलासम्बन्धी विशेष सहायकले आगामी मतदानका लागि निर्वाचन एप सार्वजनिक गर्ने योजना पनि सार्वजनिक गरेका थिए ।यो एपले उम्मेदवारको विवरण, मतदान बुथहरूमा अद्यावधिकहरू र उजुरी पेश गर्नका लागि अन्तरक्रियात्मक सुविधाहरू सहित फेब्रुअरी चुनावका बारेमा विस्तृत जानकारी प्रदान गर्नेछ ।

मुख्य सल्लाहकारले अधिकारीहरूलाई एपको सुरुआतलाई तीव्रता दिन र देशका १० करोडभन्दा बढी मतदाताका लागि यसलाई प्रयोगकर्ता-मैत्री बनाउन आग्रह गर्नुभयो ।यसै क्रममा अगस्ट ६ मा मुख्य सल्लाहकारको कार्यालयले निर्वाचन आयोगलाई पत्र लेख्दै सन् २०२६ फेब्रुअरीमा रमजान सुरु हुनुअघि राष्ट्रिय संसद्को निर्वाचन सम्पन्न गर्न सबै तयारी पूरा गर्न निर्देशन दिएको मुख्य सल्लाहकारको प्रेस शाखाले एक विज्ञप्तिमा जनाएको छ । यस पत्रमार्फत निर्वाचन आयोगलाई निर्वाचन आयोजना गर्न सरकारको अनुरोधको औपचारिकता पूरा भएको विज्ञप्तिमा उल्लेख छ ।बुधबार मुख्य निर्वाचन आयुक्तलाई पठाइएको पत्रमा मुख्य सल्लाहकारका प्रधान सचिव एम सिराज उद्दीन मियाले निर्धारित समयमा अपेक्षित गुणस्तरको स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र उत्सवमय राष्ट्रिय निर्वाचन आयोजना गर्न आवश्यक कदम चाल्न अनुरोध गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।



अगस्ट ५ मा जुलाई विद्रोह दिवसको अवसरमा राष्ट्को नाममा आफ्नो सम्बोधनमा मुख्य सल्लाहकार युनुसले अर्को वर्ष फेब्रुअरीमा रमजान सुरु हुनुअघि निर्वाचन आयोजना गर्न निर्वाचन आयोगलाई पत्र लेख्ने बताउनुभएको थियो । त्यसैको निरन्तरतामा मुख्य सल्लाहकारको कार्यालयले बुधबार यो पत्र पठाएको थियो ।

राष्ट्का नाममा गरिएको सम्बोधनको सन्दर्भमा मुख्य सल्लाहकारले आफ्नो सम्बोधनमा यस सम्बन्धमा सबै तयारी र संस्थागत व्यवस्था तत्काल सुरु गर्न आह्वान गर्नुभएको पत्रमा उल्लेख छ । विगत १५ वर्षदेखि जनताले मतदान गर्न नसकेका सन्दर्भमा आगामी निर्वाचनलाई महान हर्षोल्लासपूर्ण मतदान पर्वका रूपमा सम्झन सकिने गरी आयोजना गर्न मुख्य सल्लाहकारले जोड दिनुभएको पनि उल्लेख छ ।

आफ्नो सम्बोधनमा मुख्य सल्लाहकारले खुसी र उत्सव, शान्ति र व्यवस्था, मतदाताको उपस्थिति, सौहार्द र निष्कपटताको हिसाबले चुनाव अविस्मरणीय हुने अपेक्षा व्यक्त गर्नुभयो । निर्वाचन आयोजना गर्न उपयुक्त प्रविधि प्रयोग गर्नुपर्ने कुरामा जोड दिँदै निर्वाचन आयोगलाई अपेक्षित निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र उत्सवको निर्वाचन आयोजना गर्न सरकारको पूर्ण सहयोगका बारेमा पनि जानकारी गराइएको थियो ।

# वन्यजन्तु आक्रमणमा ज्यान गुमाएका परिवारलाई एक करोड ६० लाख क्षतिपूर्ति



तनहुँ। वन्यजन्तु आक्रमणमा परी मृत्यु भएका यहाँका पीडित परिवारलाई डिभिजन वन कार्यालयले क्षतिपूर्तिस्वरुप रु एक करोड ६० लाख प्रदान गरेको छ। जिल्लाको विभिन्न स्थानमा गरी चितुवाको आक्रमणबाट ज्यान गुमाएका १६ बालबालिकाका परिवारलाई जनही रु १० लाखका दरले रकम हस्तान्तरण गरिएको हो।

वन्यजन्तुको आक्रमणबाट मृत्यु भएमा रु १० लाख क्षतिपूर्ति दिने व्यवस्था रहेअनुरुप हालसम्म उक्त रकम उपलब्ध गराइएको वन अधिकृत तथा सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वन्यजन्तुको आक्रमणबाट घाइते भएका २१ जनालाई रु नौ लाख ४५ हजार ५२६ उपचार खर्च प्रदान गरिएको छ।" विसं २०७४ फागुन ९ गतेदेखि हालसम्म आठ वर्षको अवधिसम्म जिल्लाका विभिन्न स्थानमा भएको चितुवा आक्रमणमा परी ११ बालक र पाँच बालिकाको ज्यान गएको छ।

"चितुवा आतङ्क बढ्न थालेपछि जिल्लाका आठ स्थानमा चितुवाका लागि खोर राखिएको छ," उहाँले भन्नुभयो, "पछिल्लो समय बन्दीपुर क्षेत्र बढी प्रभावित देखिएकाले पासो राखिएको छ।" बन्दीपुरका पाँच सामुदायिक विद्यालय र मानिसको जमघट हुने सार्वजनिकस्थलमा चितुवाको आक्रमणबाट कसरी जोगिन सकिन्छ भन्ने सचेतनामूलक होडिङ बोर्डसमेत राखिएको कार्यालयले जनाएको छ।

चितुवाबाट जिल्लाको भानु, बन्दीपुर, आँबुखैरेनी, व्यासलगायत पालिकामा बढी प्रभावित छन् । चितुवाको आक्रमणबाट सबैभन्दा धेरै भानु नगरपालिका प्रभावित भएको छ । सूचना अधिकारी श्रेष्ठका अनुसार मृत्यु हुनेमा बन्दीपुर गाउँपालिका-५ की ८ वर्षीया सुप्रीति थापा, बन्दीपुर-१ का ५ वर्षीय सुप्रिम थापा र बन्दीपुर-३ की ११ वर्षीया डिना चेपाङ हुनुहुन्छ । यसैगरी, व्यास नगरपालिका-१२ छर्कनका ८ वर्षीय अभिनव कुँवर, भानु नगरपालिका-३ का ६ वर्षीय विशाल श्रेष्ठ, भानु-४ की ४ वर्षीया रञ्जिता लम्साल, भानु-२ की ८ वर्षीया पुष्पा अधिकारी, सोही वडाका १० वर्षीय अमृत गुरुङ र ७ वर्षीय ऋतिक रोकाको चितुवाको आक्रमणबाट मृत्यु भएको छ।

त्यसैगरी, भानु-१ का कुशल बानियाँ, शुक्लागण्डकी नगरपालिका-३ का २ वर्षीय रविन नेपाली, आँबुखैरेनी नगरपालिका-१ का ८ वर्षीय पुजन सिञ्जाली, बन्दीपुर-४ का ११ वर्षीय इसाक सुनार र शुक्लागण्डकी-२ नारायण राना, बन्दीपुर गाउँपालिका-५ याम्पाका १३ वर्षीय सुन्दर अछामी र ९ वर्षीया अनुजा विकको पनि चितुवाको आक्रमणबाट मृत्यु भएको छ।

कार्यालयका अनुसार विभिन्न ठाउँमा गरी २० स्थान पासो राखिसकिएको छ । एक पटक आक्रमण भएको ठाउँमा चितुवाले पुनः आक्रमण गर्ने सम्भावना रहने हुँदा नियन्त्रणमा लिन सोही ठाउँ आसपासमा पासो राख्ने गरिएको वन अधिकृत नवीन विश्वकर्माले बताउनुभयो। रासस

# मोहनी ढोरपाटन' पुग्नै सकस

गलकोट। ढोरपाटनको मोहनी दृश्यले कसलाई नलोभ्याउला र ? टिकटक र फेसबुकका रिल्समा ढोरपाटनको सुन्दरता देखेर ढोरपाटन हिँडेका धेरैलाई त्यहाँ पुग्ने सडकले भने अप्ठ्यारोमा पार्दछ । भुजीखोलाको किनारैकिनार यात्रा गर्दा पहिलोपटक ढोरपाटन पुगेका पर्यटकलाई वर्षायाममा भने निकै सास्ती हुने गरेको छ।

बागलुङको बुर्तिबाङदेखि ३२ किलोमिटर कच्ची सडक पार गर्दै ढोरपाटन पुगेका पर्यटकले ढोरपाटन क्षेत्रको प्राकृतिक दृश्यले कष्टकर यात्रा बिर्साएको बताउँछन् । सामाजिक सञ्जालका कारण ढोरपाटन पुग्ने पर्यटकहरु दिनदिनै बढ्दै गइरहेको र सयौँथरिका बुकी फूलका कारण ढोरपाटने पर्यटकलाई लोभ्याएको छ। पर्यटकका कारण घरबास र होटलहरु फस्टाउँदै आएका छन् भने सिकार आरक्षको राजश्व सङ्कलन भइरहेको छ। महँगो मूल्यमा नाउर झारलको सिकार गर्न सकिने ढोरपाटनमा कतिपय विदेशी पर्यटक हेलिकप्टरबाट पनि पुग्ने गरेका छन्।

खाल्टाखुल्टी, उकालो र हिलाम्मे सडक पार गर्दै दैनिक सयौँ सवारीसाधन ढोरपाटनमा पुग्ने गर्दछन् । राष्ट्रिय प्राथमिकताको सडक भएरसमेत बुर्तिबाङदेखि ढोरपाटनको सडकको अधिकांश स्थानमा स्तरोन्नति हुन सकेको छैन।

बुटवलबाट ढोरपाटनको बुकीपाटन घुम्न आउनुभएको सिजन परियारले ढोरपाटनको दृश्यले लोभ्याएर आए पनि सडक भने असहज रहेको गुनासो गर्नुभयो । "ढोरपाटन उपत्यकामा मोटरसाइकल राखेर एक दिन हिँडेर बुकी पाटन पुगियो, दृश्यले निकै लोभ्यायो", उहाँले भन्नुभयो, "ढोरपाटन आएपछि ढोरपाटन आउने दुःख बिर्सदो रहेछ, यति धेरै पर्यटक आउने सडकस्तरीय हुन आवश्यक छ।"

बागलुङ बजारबाट चार दिनको पैदलमार्ग ढोरपाटनमा २०७१ सालमा सडक पुगेपछि एक दिनमा छोटिए पनि स्तरीय सडक नहुँदा पर्यटकले भने दुःख पाइहेका छन् । पाँच वर्षदेखि हिउँदमा जेनतेन मिनी बस पुग्न थाले पनि बर्खा उक्त सडकमा यात्रुलाई सास्ती हुने गरेको छ। ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख कल्याण कायतले ढोरपाटन पुग्ने सडक कालोपत्र गर्नसके ढोरपाटनमा थेगी नसक्नु पर्यटक पुग्ने आशा व्यक्त गर्नुभयो।

उहाँले आरक्षले राजस्व उठाउने मात्रै काम गरेको भन्दै पर्यटकलाई उचित सूचना नदिएको बताउनुभयो । "पटकपटकको प्रयासपछि हिउँदमा त मिनीबस ढोरपाटन पुग्छ, तर बर्खामा उकालो सडक हिलाम्मे भएपछि साना सवार ।साधनसमेत जान कठिन हुन्छ, त्यहाँ अहिले जिप र मोटरसाइकल मात्रै जान सक्छ", कायतले भन्नुभयो, "बर्खा सकिँदासाथ सालझण्डी-ढोरपाटन सडक आयोजनामार्फत सडक स्तरोन्नतिको काम सुरु गर्ने सहमति भएको छ, बुर्तिबाङदेखि ढोरपाटनसम्मको सडक कालोपत्र भएमा ढोरपाटनले नथेग्ने पर्यटक यहाँ आउने देखिन्छ।"



देशका सय पर्यटकीय गन्तव्यमा सूचीकृत ढोरपाटन विश्वभर चर्चित छ। चर्चित गन्तव्यमा पुग्ने सडक भने कष्टकर छ। ढोरपाटन भ्रमणका लागि बर्सेनि २० हजारभन्दा बढी आन्तरिक पर्यटक सडक मार्गबाट ढोरपाटन पुग्ने गरेका छन् । दुई वर्षअघिसम्म गुमनाम रहेको बुकीपाटन र जलजलाजस्ता क्षेत्रमा अहिले पर्यटक ह्वातै बढेको छ।

राष्ट्रिय प्राथमीकरणको आयोजनाअन्तर्गत स्तरोन्नतिसँगै कालोपत्रका लागि ठेक्का लागिसकेकाले नगरपालिकाले अवरुद्ध सडक खुलाउने मात्रै काम गर्दै आएको जानकारी दिनुभयो । पर्यटक बढेपछि स्थानीयको घरबास, होटल चलेको र घोडाधनीलाई लाभ मिले पनि सिकार आरक्षका कारण पर्यटकलाई भने असहज भएको छ । ढोरपाटन जाने सडक स्तरोन्नतिका लागि चार वर्षअघि ठेक्का भए पनि ३५ प्रतिशत मात्रै काम भएको देखिन्छ । बुर्तिबाङ फल्लेघरसम्मको सडक ग्राभेल गर्न ठेक्का लिएको स्वच्छन्द, ओमबुद्ध संयुक्त निर्माण कम्पनीले दसैंसम्ममा स्तरोन्नतिको काम पुनः थाल्नेगरी सहमति भएको ढोरपाटन नगरपालिकाले जनाएको छ।

## छ हजारमै पुग्न सकिन्छ ढोरपाटन

रु छ हजार खर्च गरेपछि पोखराबाटै ढोरपाटन पुग्न सकिने व्यवस्था मिलाइएको छ । पोखराको महाशिला एडेभेन्चरले अहिले दिनमा चार वटा स्कोरपियो गाडी ढोरपाटनका लागि छुटाउँदै आएको छ। महाशिला एडेभेञ्चर पोखराका सन्तोष देवकोटाले ढोरपाटन पुगेको दुई दिन एक रातको रु छ हजार र बुकी पुगेको तीन दिन दुई रातको रु आठ हजारमा पोखराबाट पर्यटकहरु पठाउने गरेको बताउनुभयो।

दुई वर्षयता प्याकेजमै ढोरपाटन र बुकी पुर्‍याउँदै आएको महाशिला एडेभेन्चरले सस्तो प्याकेजै पर्यटकलाई बुकी पुर्‍याउन थालेको छ । उहाँले प्याकेजमा जाने पर्यटकलाई बुकीसम्म घोडामा झोला समेत लैजाने व्यवस्था मिलाएको बताउदै ढोरपाटनबाट भने पर्यटक पैदल हिँड्नुपर्ने बताउनुभयो।

## एक वर्षमा आठ हजारले पर्यटक बढे

नेपालको एकमात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्यामा बर्सेनि वृद्धि भइरहेको छ । ढोरपाटन सिकार आरक्ष कार्यालय बागलुङका अनुसार ढोरपाटन घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यामा एक वर्षमै आठ हजारले वृद्धि भएको छ। कार्यालयका रेञ्जर सागर सुवेदीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकामा आव २०८१/८२ मा पर्यटकको सङ्ख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ।

ढोरपाटनमा सिकार खेल्नमात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन् । ढोरपाटन उपत्यकामा दुई दर्जन होटल तथा घरबास सञ्चालनमा रहेको र सोझै पोखरादेखि पर्यटकलाई प्याकेजमै ल्याउने लैजाने व्यवस्थापनका कारण पर्यटकलाई सहज भएको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक रामबहादुर घर्तीले बताउनुभयो।

ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ। समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन्।

## के हो ढोरपाटनको आकर्षण ?

बर्खामा फुल्ने अनेकथरी फूलले रङ्गिएको ढोरपाटन मुख्य आकर्षणका रुपमा छ। आठ किमी लामो ढोरपाटन उपत्यकामा फुलेका रातो, सेतो, पहेला रङ्गका फूल बर्खामा ढोरपाटनको मुख्य विशेषता हो। विभिन्न रङमा फुलेका फूलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ । ढोरपाटन उपत्यका, प्रसिद्ध ढोरबारही मन्दिर, ढोरपाटन सिकार आरक्षको सङ्ग्रहालय, निसेलढोर, जलजला र बुकीपाटन ढोरपाटनका मुख्य घुम्न लायक ठाउँ हुन्।

बर्खाको समय अन्यत्र पर्यटकीय गतिविधि शून्यप्रायः जस्तै हुँदा यसपटक भने बागलुङको ढोरपाटन पर्यटकले गुल्जार बनेको छ। ढोरपाटन उपत्यकामा फूलेका रङ्गीविरङ्गी बन फूलसँगै चरेका घोडाको दृश्यले पर्यटकको मनै लोभ्याउने गरेको छ । प्रचारप्रसार र पर्यटकीय पूर्वाधारका कारण पछिल्लो समय ढोरपाटनमा बर्खामा उत्तिकै पर्यटक आउने गरेको पाइएको छ।

स्थानीय ढोरपाटन सामुदायिक घरबासका सञ्चालक मिलन घर्तीका अनुसार असारदेखि भदौसम्म अन्य ठाउँमा पर्यटकको आगमन शून्य भए पनि ढोरपाटन गुल्जार बनिरहेको बताउनुभयो । घोडा सफारीका कारण स्थानीयको आयआर्जनमा वृद्धि भएको छ।

कञ्चन उत्तरगङ्गा नदी, सुन्दर र समथर भूबनोट, अनेकथरी बुकीफूल र त्यसमाथि घोडा चरिरहेको दृश्यले ढोरपाटन पुग्ने जोकोही लोभिने गरेको काठमाडौंबाट मोटरसाइकलमा घुम्न आउनुभएको अनिल राजवंशीले बताउनुभयो । चार हजार मिटरभन्दा माथिको बुकिपाटन एक दिनको पदयात्रामार्फत पुगेको बताउँदै उहाँ ढोरपाटनको सौन्दर्यता बयान गरेर नसक्ने बताउनुहुन्छ । पाटनैभरि फूल्ने वनफूल, फूलमा घोडा, भेडाबाख्रा र गाईभैंसी चर्दै गरेको दृश्यले पर्यटकलाई तान्ने गरेको छ। अहिले सडक यातायात, होटल तथा घरबास सुविधा, सञ्चार सुविधाले यहाँ आउन निकै सहज भएको छ।

## गोठालाको उत्पादन गोठमै खपत

बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि भैंसी र भेडी गोठाला उत्साहित भएका छन् । बुकी पुग्ने पर्यटकका लागि खान बस्नमा सघाउँदै आएका गोठालाको आम्दानी बढ्दै आएको छ । पदमार्ग आसपास र बुकीपाटनमा चिया नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । बुकीपाटन पुगेका पर्यटक गोठमै बस्ने र खाने गर्दा भैंसीको दूध, घ्यु तथा भेडाको मासु गोठमै खपत हुन थालेको हो। भैंसीपालन गरी उत्पादित घ्यू बिक्री गर्दै आउनुभएका बुकी पाटनका भैंसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरिचरनका रुपमा रहेको बुकीपाट पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताउनुभयो। बुकीपाटन उक्लनेले बीचबाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर राम्रो आम्दानी गरेको गुमानसिंह कुमाइले बताउनुभयो। दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको उहाँको भनाइ छ। समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन्।

## 'गोठस्टे' सञ्चालन

पर्यटकलाई लक्षित गरी बुकीपाटनमा दुई वटा गोठस्टे (गोठमा हुने बसाइँ) सञ्चालनमा रहेका छन् । अस्थायी रुपमा सञ्चालन गरिने गोठस्टे असारदेखि असोजसम्म सञ्चालन गरिने हाइअल्टिच्युट तथा टेन्टस्टेका सञ्चालक मेहेन्द्र घर्तीमगरले बताउनुभयो । उहाँले चार हजार मिटर उचाइमा पर्यटकलाई लक्षित गरी अस्थायी रुपमा भए पनि खाने र बस्ने सुविधा दिएको बताउनुभयो।

उहाँले सादा खानालाई रु ५०० र मासु खानालाई रु ८०० मा पर्यटकलाई पस्कने गरेको सुनाउनुभयो। बुकीपाटनमा जाने पर्यटकको सङ्ख्या दिनानुदिन बढ्दै गएकाले गर्पाछेडामा दुई वटा गोठस्टे सञ्चालनमा ल्याइएको छ । पछिल्लो समय ढोरपाटन आउने अधिकांश पर्यटक बुकीपाटन पुग्ने गरेको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक मिलन घर्तीले जानकारी दिनुभयो।

## सिकारमा रमाउछन् विदेशी सिकारी

सिकारले प्रसिद्ध कमाएको ढोरपाटनमा सिकार खेल्न महँगो मूल्य तिरेर विदेशी सिकारी आउने गरेका छन् । वैधानिक रुपमा सिकार खेल्न पाइने नेपालकै एकमात्र सिकार आरक्ष ढोरपाटनमा विदेशका धनाढ्य सिकारी सिकारमा रमाउन हेलिकप्टरमार्फत आउने गरेका छन्।

रेञ्जर सुवेदीका अनुसार दोस्रो याममा याममा ११ नाउर र सात झारलको सिकार भएको थियो। वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले गत माघ १५ गते सिकार गर्नका लागि बोलपत्र आह्वान गरी १३ नाउर, १० झारल र १२ बँदेल गरी ३५ वन्यजन्तुको सिकार गर्ने अनुमति दिएको थियो।

सिकार खेल्नका लागि हिमालयन वाइल्डलाइफ आउटफिर्टस प्रालि, ट्रयाक्स एण्ड ट्रेल्स प्रालि, हिमालयन सफारिज प्रालि, ग्लोबल सफारिज नेपाल, नेपाल ट्राभल एक्सपिडिसन र ओपन नेपाल वाइल्डलाइफ सफारिज गरी छ वटा कम्पनीले एक आर्थिक वर्षमा दुई याममा अनुमति प्राप्त गर्दै आएका छन् । १२ बँदेलको सिकार अनुमति दिए पनि एउटा पनि सिकार नभएको उहाँको भनाइ छ।

ढोरपाटनमा हरेक वर्ष (असोज-मङ्सिर) पहिलो र (फागुन-वैशाख) दोस्रो याममा सिकार हुने गर्छ । सिकार आयममा अमेरिका, अर्जेन्टिना, स्पेनिस, प्रान्सलगायत देशबाट सिकारी आउने गरेको पाइन्छ।रासस

# 'मोहर' र 'सिटामोल' लाई दर्शकको साथ

काठमाण्डु । गाईजात्रा, जनैपूर्णिमा र रक्षाबन्धनलाई लक्षित गर्दै गत शुक्रबारदेखि प्रदर्शित दुई नेपाली चलचित्र ' मोहर' र 'सिटामोल' लाई दर्शकले साथ दिएका छन् । निर्माण पक्षका अनुसार सामाजिक विषयवस्तुमा आधारित भई तयार गरिएको भए तापनि दुवैको प्रस्तुतीकरण फरक भएकाले दर्शकको मन जित्न चलचित्र सफल भएको हो।

चलचित्र प्रदर्शनको दोस्रो दिन जनैपूर्णिमा र रक्षाबन्धनमा दर्शकको चाप चलचित्र भवनमा देखिएको र यसले गाईजात्रापछि पनि निरन्तरता पाउनेमा दुवै चलचित्रका निर्माणपक्ष विश्वस्त छन्।

चलचित्र 'मोहर'ले देवीदेवताको सेवाका नाममा अवोध कन्या बालिकालाई 'देउकी' बनाउने जस्ता अन्धविश्वासविरुद्ध जनचेतना जगाउने लेखक तथा निर्देशक ओम प्रतीकले जानकारी दिनुभयो। उहाँले बालिकामाथि हुने परम्परागत सामाजिक हिंसाका घटनालाई चलचित्रले निरुत्साहित गर्ने सन्देश प्रवाह गर्ने बताउनुभयो।

"मेरो जानकारीमा भएसम्म केही वर्ष अगाडिसम्म देउकी प्रथा चलेको थियो । त्यसकारण पनि आजकै शैलीमा उक्त कथालाई भनेका छौं । अहिले विभिन्न बहानामा बालिकामाथि हुने गरेको हिंसालाई बन्देज गर्नुपर्छ भन्ने सन्देश चलचित्रले प्रवाह गर्छ। यो मनोरञ्जनसँगै सामाजिक विकृतिलाई उठान गरिएको चलचित्र हो", उहाँले भन्नुभयो।







उहाँले चलचित्रका माध्यमबाट धेरै तथ्यलाई बुझाउन सहज भएकाले 'मोहर' को विषयवस्तु छनोट गरेको जानकारी दिनुभयो । चलचित्रमा पल शाह, बेनिशा हमाल, निती शाह, अर्जुनजङ्ग शाही, मिस पविलगायत कलाकारले अभिनय गर्नुभएको छ । चलचित्रमा भूपेन्द्र अधिकारीले सम्पादन, दिपेन बस्न्यातले छायाङ्कन, कुमार महर्जनले द्वन्द्व निर्देशन गर्नुभएको छ।

प्रदर्शनरत अर्को चलचित्र 'सिटामोल' द्वन्द्वकालमा घाइते भएका एक परिवारको कथामा आधारित रहेर तयार गरिएको छ। उक्त चलचित्रका निर्देशक राजबहादुर सानेले आफ्नो निर्देशन यात्रालाई फरक ढङ्गले परिभाषित गर्ने काम चलचित्रले गर्ने दाबी गर्नुभयो ।उहाँले भन्नुभयो, "विगतमा मैले गरेको कामभन्दा यो निकै फरक छ। यसपटक मैले रोजेको कथा र त्यसमा लेखिएका चरित्रलाई जीवन्त बनाउनुभएका कलाकारले गर्दा भिन्न रूपमा आएको छु। यो चलचित्रले माओवादी द्वन्द्वकालमा घाइते भएको एक व्यक्ति र उसको परिवारको कथालाई समेटिएको छ।"

अभिनेता सौगात मल्लले पनि चलचित्रमा जोडिनाका कारण विषय र युद्ध लडेको लडाकुको जीवनसँगको सङ्घर्ष रहेको बताउनुभयो ।"समाज र देश परिवर्तन गर्न युद्धमा होमिएको एउटा व्यक्तिले आफ्नो जीविकोपार्जनका लागि गर्नुपरेको सङ्घर्षलाई चलचित्रमा देखाएका छौं। यो एउटा द्वन्द्वको प्रभाव परेको व्यक्ति र उसको परिवारको कथा हो। यसले हाम्रो सोचाइमा परिवर्तन ल्याउँछ जस्तो लाग्छ", अभिनेता मल्लले भन्नुभयो।

सो चलचित्रमा अभिनेता मल्लसँगै अभिनेत्री बेनिशा हमाल, श्रीकृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भूगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मीलगायत कलाकारले अभिनय गर्नुभएको छ । उक्त चलचित्रको कथा निर्देशक सुनुवारसँगै प्रदीप भारद्वाजले लेख्नुभएको हो ।पछिल्लो समय चाडपर्वको अवसरमा प्रदर्शित गर्ने नेपाली चलचित्रले दर्शकको साथ पाउने गरेका छन् ।रासस

# बाढी : बीमा दावी ९८ करोड ५९ लाख

काठमाण्डु। गत असार २३ गते रसुवा जिल्लामा अविरल वर्षा तथा बाढी पहिरोको क्षतिबाट उत्पन्न प्रारम्भिक बीमा दाबी रु ९८ करोड ५९ लाख ८२ हजार बराबर पुगेको छ।


नेपाल बीमा प्राधिकरणका अनुसार यही साउन २२ गतेसम्म कुल बीमा दाबी ७८ पुगेको छ । त्यसमा सम्पत्ति बीमा छ, सामुद्रिक बीमा नौ, इञ्जिनियरिङ तथा ठेकेदार जोखिम पाँच, मोटर बीमा (निजी) १६ र मोटर बीमा (सार्वजनिक) ४२ वटा दाबी परेको छ।



प्राधिकरणका अनुसार हिमालयन एभरेष्टमा रु ५५ करोड, शिखर इन्स्यारेन्स कम्पनीमा रु १६ करोड ९६ लाख ३० हजार, नेपाल इन्स्यारेन्स कम्पनी रु आठ करोड ७३ लाख तथा सानिमा जिआइसीमा रु ६ करोड ८४ लाख ८२ हजार बराबरको बीमा दाबी भएको छ।

प्राधिकरणका अनुसार नेको इन्स्योरेन्स रु पाँच करोड ६७ लाख, सगरमाथा लुम्बिनी इन्स्योरेन्समा रु दुई करोड ६५ लाख, युनाइटेड अजोड इन्स्योरेन्स कम्पनीमा रु ९१ लाख, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी रु ७६ लाख ७० हजार, एनएलजी इन्स्योरेन्स कम्पनीमा रु ४७ लाख, सिद्धार्थ प्रिमियर रु ३१ लाख र प्रभु इन्स्योरेन्स रु २८ लाख बराबरको बीमा दाबी परेको छ। लेहेन्दे खोलामा आएको बाढीका कारण नेपाल-चीन सीमामा रहेको मितेरी पुल, भन्सार यार्डमा पार्किङ गरी राखिएका सवारीसाधन बगाएको थियो। यस्तै, रसुवागढी हाइड्रोपावरलगायत संरचनामा समेत बाढीले क्षति पुगेको थियो ।रासस

# कोशी प्रदेश सभामा मातृभाषामा सम्बोधन



**टुडे समाचारदाता**

विराटनगर । जनता समाजवादी पार्टी (जसपा) की सांसद निर्मला लिम्बूले कोशी प्रदेश सभा बैठकमा आफ्नो मातृभाषा लिम्बू भाषामा सम्बोधन गरेकी छन् ।

जसपा संसदीय दलको नेता लिम्बूले आइतबारको प्रदेश सभा बैठकमा विशेष समय लिएर लिम्बू भाषामा सम्बोधन गरिन् ।

प्रदेश सभामा लिम्बू भाषामा सम्बोधन गर्ने क्रममा उनले भाषा आयोगको सिफारिस अनुसार ढिलै भएपनि लिम्बू र मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउन लागेकोमा सरकारलाई धन्यवादसमेत दिइन् ।

बिहीबार लिम्बु र मैथली भाषालाई सरकारी कामकाजको भाषा व्यवस्थाका लागि प्रतिपक्षी दलले पेश गरेको 'कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' सत्तापक्षले ह्वीप लगाएर अस्वीकृत गरेको थियो ।

प्रतिपक्षीको प्रस्ताव अस्वीकृत गरेको सरकारको तर्फबाट आइतबार प्रदेशका सामाजिक विकास मन्त्री पाँचकर्ण राईले 'कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' संसदमा पेश गरेका थिए ।

अब विधेयकमाथि छलफल प्रक्रिया अघि बढ्ने भएको छ । कार्तिक २५ गते राष्ट्रिय विभुती फाल्गुनानन्द लिङ्देनको जयन्तीको अवसर पारेर सरकारी कामकाजमा लिम्बू र मैथली भाषा प्रयोगमा ल्याउने सरकारको तयारी रहेको छ ।

# जनमत पार्टीका अध्यक्ष राउतको राजीनामाको माग

लोकतान्त्रिक पार्टी हामीले निर्माण गरेका हौं । त्यसैले लोकतान्त्रिक विधि अपनाएर मात्र कारबाही हुने र कस्तो कारबाही हुने भन्ने प्रक्रियालाई मान्यता दिनुपर्छ ।" यसका साथै, स्वराजीहरुको बहुमतको आधारमा मात्रै कारबाही प्रक्रिया पूर्णता पाउनु पर्ने माग पनि दोहोऱ्याए ।

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीबाट निष्काशित वरिष्ठ उपाध्यक्ष ई. दीपक कुमार साहले पार्टी अध्यक्ष सीके राउतको अविलम्ब राजीनामा माग गरेका छन् ।

उनले अध्यक्ष सीके राउतमाथि विभिन्न आरोप लगाउँदै पार्टीलाई लोकतान्त्रिक पद्धति प्रक्रिया अनुसार आफूलाई कारबाही गरे आफू सजाय भोग्न तयार रहेको समेत स्पष्ट पारेका छन् ।

अध्यक्ष राउतले पार्टीलाई निजी सम्पत्ति बनाएको, पारिवारिक पार्टीमा रूपान्तरण गरेको र भ्रष्टाचारको अवसर सिर्जना गर्ने रणनीति अपनाएको आरोप उनले लगाएका छन् ।

उनले आफूमाथि गरिएको कारबाहीलाई 'सैतेनी प्रवृत्ति' को रुपमा अर्थ्याएका छन् । 'यदि सबै सचेत कर्मवीर स्वराजीहरूले यस्तै अवस्थामा राजीनामा दिन थाले भने मधेश र समाज अझ संकटमा पर्छ' उनले चेतावनी दिए ।



पूर्ववरिष्ठ उपाध्यक्ष साहले स्वराजीहरूलाई व्यक्तिगत रिसिवी र मनोमानी हिसाबले कारबाहीको नाममा भय सिर्जना गरी पार्टी कब्जा गर्ने षड्यन्त्रबाट सचेत रहन आग्रह गरे । उनले पार्टी निर्माणका लागि दशकौँको परिश्रम, ठूलो आर्थिक खर्च, भोगाइ र बलिदानी सहजै आफूले नत्याग्ने प्रस्ट्याए ।

उनले भने, 'लोकतान्त्रिक पार्टी हामीले निर्माण गरेका हौं । त्यसैले लोकतान्त्रिक विधि अपनाएर मात्र कारबाही हुने र कस्तो कारबाही हुने भन्ने प्रक्रियालाई मान्यता दिनुपर्छ ।' यसका साथै, स्वराजीहरूको बहुमतको आधारमा मात्रै कारबाही प्रक्रिया पूर्णता पाउनु पर्ने माग पनि दोहोऱ्याए ।

उनले 'दुष्ट भावनाको प्रवृत्ति' भएको अध्यक्ष राउतले पार्टीका लागि चाहिँदैन भन्दै तत्काल पदत्याग गर्न दबाब दिए ।

# सामाजिक सुरक्षा भत्ताको माग गर्दै तालाबन्दी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गुजरा नगरपालिकाको कार्यालयमा सामाजिक सुरक्षा भत्ताको माग गर्दै पालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

लामो समयदेखि सामाजिक सुरक्षा भत्ता र बालपोषण भत्तावापतको रकम नपाएको भन्दै सेवाग्रहीहरुले आइतबार नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

गुजरा नगरपालिकाले एनआईसी एशिया बैंक सिमरा भवानीपुर शाखामार्फत सामाजिक सुरक्षा भत्ताको रकम वितरण गर्दै आएको छ ।

नगरपालिकाले असार ११ गते बैकको खातामा सामाजिक सुरक्षा भताको रकम जम्मा गरेको थियो । सामाजिक सुरक्षा भत्ता समयमा नै दिने उदेश्यले बैकमा जम्मा गरेपनि अहिलेसम्म नपाउनु दुखद भएको गुजरा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत उदय नारायण देवकोटाले बताए ।

आफू यस कार्यलयमा हाजिर भएर आएपछि पहिलो प्रथामिकता सामाजिक सुरक्षा भत्ता बितरण लाई दिएको उनले बताए ।

एक वर्षदेखिको बालपोषण भताको रकम बैंकले वितरण नगरेको स्थानीयले बताएका छन । सामाजिकसुरक्षा भत्ता लिन जाँदा बैंकले कर्मचारीको अभाव देखाउने गरेको उनीहरुको गुनासो छ ।

ज्येष्ठ नागरिकको भत्ताको लागि नगरपालिकाले ५ करोड रकम जम्मा गरेको थियो भने बालपोषणको लागि ९४ लाख रुपैंयाँ बैकमा छ । एनआईसी एशिया बैंकका शाखाका म्यानेजर सदेउ प्रवेजले बिविध कारणले सामाजिकसुरक्षा भत्ता वितरणमा ढिलाइ भएको बताए ।

तालिका प्रकाशन हुन ढिलाइ भएकाले भत्ताको रकम बितरणमा ढिला भएको उनको भनाइ छ । अब छिटै वितरण गरिने उनले जानकारी दिए ।

गुजरा नगरपालिकाको तथ्यांक अनुसार ३ हजार ३ सय ज्येष्ठ नागरिक र ५ हजार ४ सय बालपोषण भत्ता बुझ्ने सेवाग्राही रहेका छन् ।

# गण्डक नहरमा अतिक्रमण हुँदा किसान मारमा

**टुडे समाचारदाता**

बारा । बाराको फेटाबजार नजिकै गण्डक नहरमा अतिक्रमण हुँदा किसान मर्कामा परेका छन् । पर्सा, बारा र रौतहटका दक्षिणीभेगका किसान सिचाईँका लागि गण्डक नहरमा निर्भर रहेका छन् ।



मधेश प्रदेशमा खडेरी लागेर संकटग्रस्त भएसँगै बाराका किसानले नहरको किनारा आफूखसी भत्काएर उत्तरतर्फ पानी लगेपछि समस्या देखिएको छ । नारायणी सिचाइँ व्यवस्थापन कार्यालयका प्रमुख मनोजकुमार पटेलले बाराको फेटाबजार नजिकै डेढ किलोमिटरको दुरीमा पछिल्लो एक महिनामा चार पटक गण्डक नहरको संरचना भत्काएर उत्तरतर्फ पानी लगेको भेटिएको बताए ।

उनले भने, 'गण्डक नहरको किनारा भत्काएर पानी लैजानेलाई कारबाहीका लागि बाराका स्थानीय प्रशासन तथा प्रहरीमा उजुरी दिँदै आइरहेका छौँ, नहरको किनाराको संरचना भत्काएर बिगार्नेको पहिचान अहिलेसम्म हुन सकेको छैन ।'

कार्यालय प्रमुख पटेलले नहरको किनारा काटेसँगै रौतहटको बंकुलसम्म पानी पुग्नका लागि अवरोध हुँदै आइरहेको बताए । "गण्डक नहरको पानी पर्सा, बारा र रौतहटसम्मका दक्षिणीभेगतर्फ सिँञ्चित हुने गर्छ, बाराको फेटाबजार नजिकै नहरको किनारा भत्काइदिएपछि भने रौतहटका किसानलाई समस्या भएको छ", उनले भने ।

कार्यालयका अनुसार आइतबारदेखि मंगलबारसम्म पर्सा जिल्लामा पानी वितरण गरिन्छ भने बुधबारदेखि शनिबारसम्म भने बारा र रौतहटका किसानलाई पानी वितरण गरिँदै आइएको छ । बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बाराको बसन्तपुरमा गण्डक नहरको किनारा भत्काउनेको खोजी भइरहेको जानकारी दिए ।

प्रजिअ अधिकारीले गण्डक नहरका कर्मचारी र प्रहरीसँग समन्वय भइरहेको बताए । साइफनतर्फबाट दक्षिणतर्फ पानी बगाएर भारततर्फ पनि पानी लैजाने गरेको देखिएको छ । सो कार्य नियन्त्रणका लागि आवश्यक पहलकदमी भइरहेको बताइएको छ ।

भारतले गण्डक सिचाइँ तथा जलविद्युत् योजनाको सम्झौता अनुसारको गण्डक नहरमा पानी उपलब्ध नगराउँदा सो नहरबाट सिँचाइ हुने पर्सा-बारा र रौतहटका किसान प्रभावित छन् । भारतीय पक्षले पछिल्लो समय भने नहर पर्याप्त मात्रामा सरसफाइ नभएको भन्दै पूर्ण क्षमतामा पानी नआएकाले पनि सो अनुसारको उपलब्ध गराउन नसकेको पत्राचार गरेको छ ।

दोन नहर प्रमण्डल रामनगरका कार्यपालक अभियान्ताका कार्यालयका विश्वास भाजनले यही अगष्ट ८ तारिखमा पठाएको पत्रमा गण्डकको मुख्य संरचना सरसफाइ नहुँदा क्षमताअनुसारको पानी उपलब्ध नभएकाले पनि कम पानी पठाइएको जनाइएको छ । नारायणी सिचाइँ व्यवस्थापन कार्यालयका प्रमुख पटेलले पछिल्लो एक सातादेखि गण्डक नहरमा भारतीय पक्षले सात सय क्यूसेक पानी उपलब्ध गराउँदै आइरहेको जानकारी दिए ।

कार्यालय प्रमुख पटेलले गण्डक नहरबाट सिञ्चित हुने पर्सा र बाराका खेतमा पर्याप्त पानी पुगे पनि रौतहटमा भने पुग्न नसकेको बताए । नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ मा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो । सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो ।

सो सिचाइँ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टरमा सिचाइँका लागि भारतीय पक्षले नेपालका लागि ८५० क्यूसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ सालमा नेपाललाई हस्तान्तरण गरेको थियो । गण्डक नहर भारतीय भूमि हुँदै नेपाल-भारतको सीमाक्षेत्र जानकी टोलाहुँदै पर्सामा पानी भित्रिने गरेको छ ।

# मारवाडी युवा मञ्चद्वारा रक्तदान



**टुडे समाचारदाता**

जनकपुरधाम । 'रक्तदान जीवन दान' भन्ने नारासहित मारवाडी युवा मञ्च जनकपुरधामले आइतबार व्यापक रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी जनकपुरधाममा देखिएको रगतको अभावलाई मध्यनजर गर्दै, जनकपुरधामको जनक चोकमा आयोजना गरिएको कार्यक्रममा सयौं युवादेखि सशस्त्र प्रहरीसम्मले उत्साहपूर्वक रक्तदान गरेका छन् ।

मञ्चका अध्यक्ष राहुल सिंहानीयाका अनुसार सामाजिक कार्यमा सधैं अग्रसर रहँदै आएको मारवाडी युवा मञ्चले रक्षाबन्धनको अवसर पारेर रगत संकलन गरी रेडक्रसको रक्त बैंकमा उपलब्ध गराएको हो । उनले भने, 'रेडक्रसले पटक-पटक रगत अभावको जानकारी गराउँदा, हामीले यो अवसरलाई समाजसेवामा बदल्ने निर्णय गऱ्यौं ।'

सो कार्यक्रममा संकलित रगत नेपाल रेडक्रस सोसाइटी जनकपुरधामलाई जिम्मा लगाइएको अध्यक्ष सिंहानीयाले बताए । आयोजकले यसलाई सामाजिक उत्तरदायित्वको उदाहरणका रुपमा लिएको बताएको छ ।

रक्तदान कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय गरी ६५ जनाले रकतदान गरेको मञ्चका अध्यक्ष सिंघानियाले बताए । सो रक्तदानमा ५८ पुरुष र ७ जना महिलाले रक्तदान गरेको थियो ।

# औरहीमा वडाध्यक्षको निधन, शोक बिदा



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको औरही नगरपालिकामा सार्वजनिक बिदा दिएको छ । औरही नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष योगी चौधरीको शनिबार भएको निधनप्रति शोक व्यक्त गर्दै नगरपालिकाले आइतबार सार्वजनिक बिदा दिएको छ ।

मेयर प्रदीपकुमार खड्काले शोक विज्ञप्ति जारी गर्दै वडाध्यक्ष चौधरीप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । उनले पालिकाले एक होनहार, इमानदार र सच्चा जनप्रतिनिधि गुमाएकोमा स्तब्ध भएको उल्लेख गरेका छन् ।

वडाध्यक्ष चौधरीको निधनमा आइतबार नगरपालिका भित्रका सबै कार्यालयहरू, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, शैक्षिक संस्था तथा स्वास्थ्य संस्था (आकस्मिक सेवाबाहेक)का सबै सेवा बन्द रहने जारी विज्ञप्तिमा उल्लेख छ ।

६५ वर्षीय चौधरी लोसपा पार्टीबाट स्थानीय तह निर्वाचन-२०७९ मा वडाध्यक्ष पदमा निर्वाचित भएका थिए । मृतक चौधरीको शनिबार नै दाहसंस्कार गरिएको छ । वडाध्यक्ष चौधरीको अन्त्येष्टिमा लोसपाका वरिष्ठ नेता तथा नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी, लोसपाका मधेश प्रदेशका संसदीय दलका नेता जयनुल राईनसहितको सहभागिता रहेको थियो ।

अन्त्येष्टिमा सहभागी नेताहरूले पार्टीको तर्फबाट स्वर्गीय चौधरीलाई श्रद्धाञ्जली अर्पण गर्दै पार्टीको झण्डा ओढाएर अन्तिम सम्मान गरेका थिए ।

# कारागारमा हतियारसहितका सुरक्षाकर्मीको प्रवेश

**टुडे समाचारदाता**

धनगढी । कैदीबन्दीले नियन्त्रणमा लिएको कैलाली कारागारमा हतियारसहित सुरक्षाकर्मी प्रवेश गरेका छन् ।

कैदीबन्दीका दुई समूहबीचको झडपका कारण शनिबारदेखि तनावग्रस्त रहेको कारागारमा सुरक्षाकर्मी समेत प्रवेश गर्न पाएका थिएनन् । तर आइतबार भने प्रहरीले जसोतसो प्रवेश पाएको जनाइएको छ ।

आइतबार अपरान्ह नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली मानव अधिकार प्रदेश कार्यालय, धनगढीको रोहवरमा कारागारभित्र हतियारसहित प्रवेश गरेका छन् ।

कैदीबन्दीहरूले भित्रबाट ताला लगाउँदै थुनुवा कक्ष पूर्ण रूपमा आफ्नो नियन्त्रणमा लिएर कसैलाई प्रवेश गर्न दिएका थिएनन् ।

एक जनाको मृत्यु र ४९ जना घाइते हुने गरी भएको हिंसात्मक घटना भएको ४० घण्टापछि पनि कारागारको स्थिति नियन्त्रणमा आउन सकेको थिएन ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली कागारको ब्लक ए र ब्लक बीमा प्रवेश गरी भित्रको स्थितिबारे खोजतलास थालेका छन् ।

कारागारमा रहेका कैदीबन्दीको संख्यामा समेत अन्योल सृजना भएकाले कैदीबन्दीको गणना समेत सुरक्षाकर्मीको टोलीले गर्ने जनाइएको छ ।

# गाँजासहिति एक जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रनिगाहपुर-४ स्थित धनसारबाट लागु औषध गाँजासहित एक जनालाई पक्राउ गरिएको छ ।



इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी सहायक निरीक्षक टीकामाया सिवाकोटीको टोलीले पूर्व पश्चिम सडकखण्डमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना. ८० प. ९८९३ नं. को मोटरसाइकललाई शंका लागि चेक जाँच गर्दा ९ किलो ७५० ग्राम लागूऔषध गाँजासहित मोटरसाइकल चालक पक्राउ परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक प्रवक्ता दीपककुमार रायले जानकारी दिए ।

प्रवक्ता रायले बारा जिल्ला निजगढ नगरपालिका-१२ घर भएका ३४ वर्षीय दीपक थिङ पक्राउ परेको बताए । थिङले लागूऔषध गाँजा जेब्रा झोलामा लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा परेको उनले बताए ।

# रेल र कार ठोक्किए

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-९ स्थित ब्रह्मपुर चोक नजिक रेल र एक कार एकापसमा ठोक्किएर दुर्घटना भएको छ ।

जनकपुरधाममा आइतबार बिहान रेल्वे र कार ठोकिएको थियो । सो दुर्घटना रेलमार्ग नजिकैको 'क्रसिङ एरिया'मा भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बरुणबहादुर सिंहले जनाएका छन् ।

कारमा सवार रहेका तीनजनालाई सामान्य चोटपटक लागेको छ भने कारमा क्षति




थियो ।

बागमती प्रदेश०१-०२५च १२९० नम्बरको कार बिहान ८:३० बजे महोत्तरीको पिपराढी स्टेशनबाट जनकपुरधामतर्फ आउँदै गरेको नेपाल रेल्वेको रेलसँग ठोक्किएको पुगेको धनुषा प्रहरीले जनाएको छ ।

दुर्घटनापछि केही समय रेल सेवा अवरुद्ध भएको जनाइएको छ भने सो सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता सिंहले बताए ।

# ठोरीमा मृत भेटियो पाटेबाघ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ठोरी गाउँपालिका-४ स्थित मालीबस्तीनजिकै पाटेबाघ मृत भेटिएको छ ।

पर्सा प्रहरीका सूचना अधिकारी किशोर लम्सालले दिएको जानकारी अनुसार आइतबार बिहान साढे ७ बजे आसपासमा ठोरीको मालीवस्तीस्थित हुलाकी सडकभन्दा अन्दाजी ५०० मिटर दक्षिणतर्फ पाटेबाघ मृत भेटिएको छ ।

पर्सा प्रहरीका अनुसार प्रहरीचौकीबाट सोस्थान चार किलोमिटर दूरीमा पर्छ । पर्सा राष्ट्रिय निकुञ्जका रेञ्जर जयराम न्यौपानेले मृत भेटिएको पाटेबाघको मुचुल्का बनाएर परीक्षणका लागि निकुञ्ज ल्याइएको बताए ।

उनले भने, 'पाटेबाघको बाहिरी भागमा सामान्य चोटपटक देखिएको छ । बाघ जुँधेर हो वा अन्य के कारणले चोटपटक लागेको हो भन्नेबारे परीक्षणपछि नै थप जानकारी प्राप्त हुनेछ ।'

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८